# अध्याय : एक
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको अध्ययन** रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय टीकापुर बहुमुखी क्याम्पस टीकापुर शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको विशिष्टीकरण विषय (नेपा.शि. ५९८) पत्रको प्रयोजनका निम्ति तयार पारिएको हो ।

## १.३ समस्या कथन

मानव जीवनमा सिकाइ निरन्तर चलि रहने प्रक्रिया हो । सिकाइले मानव जीवनमा परिवर्तन ल्याइ दिन्छ । एकै पटक सिकाइ पूर्ण हुँदैन, मानव बाँचुन्जेल सिकाइको आवश्यकता रहन्छ । त्यसैले मानव जीवनमा अन्य विषयवस्तु जस्तै भाषा सिकाइ पनि जीवनको अभिन्न अङ्ग बनेको हुन्छ । औपचारिक रूपले भाषा सिकाइ प्रभावकारी बनाउनका लागि पूरक सामग्रीको उपयोगको सिद्धान्त अनुरूप पनि शिक्षण सामग्रीको महत्त्व देखिन्छ । शिक्षण समाग्रीको उपयोगले भाषा सिकाइलाई सुसिक्य बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ । शिक्षण सामग्रीको उपयोगले सिकाइ सरल, सहज, प्रभावकारी हुन्छ । थोरै समयमा कम मेहनत र खर्चमा धेरै सिकाइ उपलब्धि हासिल गराउन शिक्षण सामग्रीको आवश्यकता पर्दछ । नेपाली भाषा शिक्षणका सन्दर्भमा नेपाली भाषालाई पहिलो, दोस्रो तथा विदेशी जुनसुकै भाषाका रूपमा शिक्षण गरे तापनि शिक्षण सामग्रीको आवश्यकता पर्दछ ।

नेपाली भाषालाई कुनै महत्त्वपूर्ण विषयका रूपमा नलिने, सजिलो भाषाका रूपमा लिने र नेपाली पढाउँदा शिक्षण सामग्रीको आवश्यकता नै पर्दैन भन्ने जस्ता दृष्टिकोणले गर्दा नेपाली भाषा शिक्षणसँग सम्बन्धित शिक्षण सामग्रीको पर्याप्त खोज अनुसन्धान र

विकास गर्नेतर्फ नलाग्नु, भएका सामग्री पनि प्रयोग गर्ने तर्फ भन्दा मुखले बोलेर मात्र पढाउने प्रवृत्ति रहनु सामग्री उपयोग गर्ने जानकारी सिपको अभाव रहनुले नेपाली शिक्षणमा थुप्रै सस्याहरू खडा भएका देखिन्छन् ।

भाषा पाठ्यक्रममा समेत नेपाली शिक्षणका लागि के कस्ता सामग्री प्रयोग गर्ने, कुन कुन विषयवस्तु विधाका लागि के कस्ता सामग्री उपयोग गर्ने भन्ने निर्देशन दिन छुटाएको देखिन्छ । पाठ्य पुस्तक, सन्दर्भ पुस्तकको साथै अन्य श्रव्य, दृश्य तथा पाठ्य सामग्रीको निर्देशन दिन पाठ्यक्रम नै उदासीन देखिनु पनि समस्या नै हो । अतः माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको अध्ययन गर्दा निम्न लिखित समस्यालाई केन्द्रविन्दु मानी अध्ययनलाई पूर्णता दिइएको छ ।

क) नेपाली भाषा शिक्षण गर्दा के कस्ता शिक्षण सामग्रीहरू प्रयोग गर्न सकिन्छ ?

ख) नेपाली भाषा शिक्षणमा शिक्षण सामग्रीको उपयोगको स्थिति के कस्तो छ ?

ग) शिक्षण सामग्री प्रयोगमा के कस्ता समस्या छन् ?

घ) उक्त समस्याहरू हटाउन के कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ ?

माथि उल्लेख गरिएका विविध पक्षको अध्ययन गर्नुका साथै मा.वि. कक्षा दसमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको औचित्य र प्रयोजन के र किन छ भन्ने बारे विस्तृत जानकारी दिनु यस अध्ययनको समस्या रहेको छ ।

## १.४ शोध अध्ययनका उद्देश्यहरू

प्रस्तुत शोधपत्र अध्ययनका निम्न लिखित उद्देश्यहरू रहेका छन् :

क) नेपाली भाषा शिक्षण गर्दा प्रयोग गर्न सकिने शिक्षण सामग्रीहरूको परिचय दिनु,

ख) नेपाली भाषा शिक्षणमा शिक्षण सामग्रीहरूको उपयोग स्थिति पत्ता गर्नु,

ग) नेपाली भाषा शिक्षणका लागि शिक्षण सामग्री प्रयोग सम्बन्धी समस्या पहिचान गर्नु,

घ) नेपाली भाषा शिक्षणका क्रममा शिक्षण सामग्री प्रयोग गर्दा आएका समस्या समाधानका उपाय पत्ता लगाउनु ।

## १.५ पूर्वकार्यको समीक्षा

कुनै पनि कार्यको प्रारम्भ गर्नु भन्दा पहिले त्यस कार्यसँग सम्बन्धित कार्यहरू अगाडि भएका छन् कि छैनन् भनी पूर्व कार्यको खोजी गर्नु आवश्यक हुन्छ । पूर्वकार्यको अनुभवले वर्तमानमा गर्न लागेका कार्यलाई अगाडि बढ्न सहयोग पुऱ्याउँदछ । वास्तवमा पूर्वकार्यहरू अध्येताका मार्ग दर्सक हुन् । यिनका माध्यमबाट यसअघि भएका कार्यहरूको जानकारी पाउने मात्र नभई आफूले ती भन्दा भिन्न थप के कार्य गर्नु पर्दछ , अध्ययन गर्न खोजिएका विषय कति गम्भीर छ, उक्त विषय के कसरी तथा कति कति किसिमले अध्ययन गर्न सकिने रहेछ, अध्ययनका उल्लेखनीय क्षेत्रहरू के के रहेछन् भन्ने जस्ता विभिन्न कुराहरूका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । नेपाली भाषा साहित्यका लेखक तथा विद्वानहरूबाट आ-आफ्ना पुस्तकहरूमा भाषा शिक्षणमा शिक्षण सामग्रीको महत्त्व एवम् उपयोगिताबारे उल्लेख गरेको पाइन्छ । त्यस्तै यस शोधसँग सम्बन्धित केही शोध अध्ययनहरू पनि भएको पाइन्छ । जुन अध्ययनहरू निम्नानुसार प्रस्तुत गरिएका छन् :

हेमाङ्ग राज अधिकारी द्वारा लिखित (२०५२) **नेपाली भाषा शिक्षण** नामक पुस्तकमा शिक्षण सामग्रीको परिचय दिइएको पाइन्छ । शिक्षण सामग्रीका विभिन्न प्रकार जस्तै : श्रव्य, दृश्य तथा श्रव्य-दृश्य आदिको बारेमा जानकारी, शिक्षण सामग्रीको महत्त्व र शिक्षण सामग्री प्रयोग गर्दा के - के फाइदा हुन्छ, शिक्षण सामग्री छनोट तथा निर्माण साथै कसरी प्रयोग गर्नु पर्दछ र शिक्षण सामग्री प्रयोग गर्दा शिक्षण कार्यमा के कस्ता परिवर्तन तथा प्रभाव पार्दछ भन्ने बारेमा प्रकाश पार्नु भएको पाइन्छ ।

केदार प्रसाद शर्मा र माधव प्रसाद पौडेलद्वारा लिखित **नेपाली भाषा र साहित्य** (२०६०) पुस्तक पनि यस शोधपत्रका लागि उल्लेखनीय छ । यस पुस्तकमा पनि शिक्षण सामग्रीको सामान्य परिचयदेखि लिएर शिक्षण सामग्रीका विभिन्न प्रकारका बारेमा चर्चा गरिएको छ । शिक्षण सामग्रीको किन आवश्यक पर्दछ ? शिक्षण सामग्रीको महत्त्व किन ? शिक्षण सामग्रीका विशेषताहरू के कस्ता छन् शिक्षण सामग्री शिक्षण कार्यमा प्रयोग गर्दा र नगर्दाको कक्षा शिक्षणमा के कस्तो अन्तर रहन्छ साथै शिक्षकहरूलाई के कस्ता शिक्षण सामग्रीको ज्ञान हुन आवश्यक छ भन्ने सन्दर्भमा आधारित विविध पक्ष माथि प्रकाश पारिएको छ ।

केदार प्रसाद शर्मा र माधव प्रसाद पौडेल द्वारा नै लिखित तथा परिवर्तित पुस्तक एम.एड. दोस्रो वर्षका लागि **नेपाली भाषा र साहित्य शिक्षण** (२०६७) मा पनि शिक्षण सामग्रीको परिचय, प्रकार जस्तै : मौखिक, श्रव्य, दृश्य, श्रव्य-दृश्य तथा सम्पूर्ण स्पर्श सामग्रीका बारेमा व्याख्या र विश्लेषण गरेको पाइन्छ । जुन पुस्तकमा शिक्षण सामग्री प्रयोगका फाइदा तथा महत्त्वको बारेमा नवीन शैलीमा प्रकाश पार्न खोजिएको छ ।

ज्ञान प्रसाद भट्टराई (२०५५) ले महेन्द्र रत्न क्याम्पस ताहाचलमा पेस गरेको **कक्षा १ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीको एक सर्वेक्षण** शोधपत्र पनि महत्त्वपूर्ण छ । भाषा शिक्षणका क्रममा पाठ्य पुस्तक कालोपाटी, स्वयम् शिक्षक, शिक्षण सामग्रीका रूपमा प्रयोग हुने देखाइएको छ । उक्त शोध अध्ययनमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई अनिवार्य रूपमा तालिमको व्यवस्था गर्नु पर्ने, नेपाली भाषा शिक्षणमा वातावरणबाट प्राप्त र कम मूल्यका शैक्षिक सामग्रीको प्रयोग गर्नु पर्ने जस्ता सुझाबहरू दिइएका छन् ।

निमानन्द भुषाल (२०५९) ले त्रिभुवन विश्व विद्यालय कीर्तिपुरमा पेस गरेको **अर्घाखाँचीको मा.वि. तह नेपाली शिक्षणमा शैक्षिक सामग्री प्रयोगको वर्तमान स्थिति** शीर्षकमा अध्ययन गरेका छन् । उनको अध्ययन नेपाली भाषा शिक्षणमा प्रयोग हुन सक्ने शैक्षिक सामग्रीहरूको परिचय दिने, त्यसको उपयोगिताको वास्तविक स्थिति पहिल्याउने, शिक्षक निर्देशिकामा निर्दिष्ट शैक्षिक सामग्रीको चर्चा गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । उनको अध्ययन अनुसार नेपाली शिक्षणका क्रममा चक, डस्टर कालोपाटी जस्ता दैनिक प्रयोग हुने सामग्री बाहेक अन्य सामग्रीको प्रयोग नभएको उल्लेख गरेका छन् । यसका लागि आर्थिक लगानी गर्नु पर्ने, शिक्षकहरूलाई शैक्षिक सामग्री सङ्कलन निर्माण र प्रयोग सम्बन्धी तालिम प्रदान गर्नु पर्ने, परिश्रमी र लगनशील शिक्षकको सही मूल्याङ्कन हुनु पर्ने र दायित्वबाट बिचलित शिक्षकलाई यथोचित सजायको व्यवस्था हुनु पर्ने आदि जस्ता सुझाबहरू दिएका छन् ।

मान बहादुर राणा (२०६०) ले **जाजरकोटका विद्यालयहरूमा कक्षा एकमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन** नामक शोध अध्ययन गरिएको छ । यस शोधको उद्देश्य जाजरकोट जिल्लाका विद्यालयहरूमा नेपाली भाषा शिषण गर्दा

शैक्षिक सामग्री प्रयोग भए, नभएको अध्ययन गर्नु, वर्गीकरण, महत्त्वको विश्लेषण गर्नु रहेको छ । जसमा नेपाली भाषा शिक्षणमा प्रयोग हुने शैक्षिक सामग्री सम्बन्धी तालिम प्राप्त शिक्षकहरू राखिनु पर्ने, जिल्ला र स्रोतकेन्द्र स्तरमा विभिन्न कार्यशाला, गोष्ठीको आयोजना गरी शैक्षिक सामग्री निर्माण र प्रयोग सम्बन्धी आवश्यक ज्ञान सिप प्रदान गर्ने जस्ता सुझाबहरू दिइएको छ ।

यज्ञ बहादुर खत्री (२०६४), त्रिभुवन विश्व विद्यालयमा पेश गरिएको **दोलखा जिल्लाका कक्षा ८ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन** नामक शोध अध्ययन गरेका छन् । प्रस्तुत शोध दोलखा जिल्ला कक्षा ८ मा नेपाली भाषा शिक्षण गर्दा के के शैक्षिक सामग्री प्रयोग भएका छन् । ती सामग्रीको प्रयोगको स्थिति कस्तो रहेको छ, शैक्षिक सामग्री प्रयोगमा के कस्ता समस्याहरू रहेका छन् भन्ने जस्ता कुराहरूमा केन्द्रित रहेको छ । यसमा आर्थिक समस्याले गर्दा शैक्षिक सामग्री प्रयोग गर्न कठिनाइ भएकाले सरकारले शैक्षिक सामग्री खरिद गर्न छुट्टै बजेटको व्यवस्था गर्नु पर्ने, अस्थायी शिक्षकको समस्या समाधानका लागि एउटा निष्पक्ष आयोग मार्फत् पक्षपात रहित ढङ्गले स्थायी गर्ने व्यवस्था मिलाउनु पर्ने, परिश्रमी र लगनशील शिक्षकको उचित मूल्याङ्कन गर्नु पर्ने समय सापेक्ष रूपमा पाठ्यक्रम र पाठ्य पुस्तकहरूमा सुधार र परिमार्जन गर्नु पर्ने, अत्यधिक विद्यार्थी सङ्ख्या हुँदा सेक्सन खोलेर विद्यार्थीको चाप नियन्त्रण गर्नु पर्ने जस्ता सुझाबहरू दिइएका छन् ।

लक्ष्मी माया श्रेष्ठ (२०६४) ले **गोरखा जिल्ला अन्तर्गत प्रा.वि. तहको नेपाली शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति एक अध्ययन** नामक शोधपत्र तयार पारेकी छन् । उक्त शोधपत्र गोरखा जिल्लाका प्राथमिक तहको नेपाली शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति पत्ता लगाउनु, शैक्षिक सामग्री उपयोगमा वर्तमानमा देखिएका समस्याहरू पहिल्याउनु जस्ता उद्देश्यमा केन्द्रित रहेको पाइन्छ । उनले आफ्नो शोध पत्रमा आर्थिक तथा भौतिक अभावका कारण शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न नसकिएको विषयगत तालिमको उचित व्यवस्था नहुनाले नेपाली भाषा, शिक्षकहरूलाई शैक्षिक सामग्री सङ्कलन, निर्माण र प्रयोगबारे जानकारी नभएको सम्बन्धित निकायबाट नियमित निरीक्षण एवम् अनुगमन नहुँदा शिक्षकहरू सुझाब बिहीन भएका र फलस्वरूप नेपाली भाषा परम्परागत धारणा अनुसार शिक्षण गरिएको शिक्षकहरूलाई घन्टी भार बढी

हुँदा समय अभावका कारण सामग्री उपयोग गर्न बाधा उत्पन्न भएको आदि निष्कर्ष निकाली सुझाब दिइएका छन् ।

सीता शर्मा (२०६६) ले त्रिभुवन विश्व विद्यालयमा पेश गरेको **रूकुम जिल्लाका कक्षा तीनमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन** नामक शीर्षकमा शोध अध्ययन गरेकी छन् । जसमा रूकुम जिल्लाका कक्षा तिनका नेपाली शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको परिचय, अवस्था महत्त्व तथा शैक्षिक सामग्री प्रयोगमा आएका समस्या तथा समाधान गर्ने उद्देश्यले विश्लेषण र व्याख्या गरी अध्ययन गरेकी छिन् । आर्थिक समस्याले शिक्षण सामग्रीमा समस्या, शिक्षकलाई अनिवार्य तालिम दिनु पर्ने, परिश्रमी र लगनशील शिक्षकलाई अनिर्वाय तालिम दिनु पर्ने, परिश्रमी र लगनशील शिक्षकलाई उचित मूल्याङ्कन हुनु पर्ने, शैक्षिक सामग्रीको प्रयोग उपयुक्त किसिमले गर्न शिक्षकहरूलाई जानकारी गराउनु पर्ने जस्ता सुझाब दिइएको पाइन्छ ।

तसर्थ शिक्षण सामग्री प्रयोग सम्बन्धी माथि उल्लेखीत विभिन्न अध्ययनहरूको कुनै न कुनै रूपमा यस शीर्षकसँग सम्बन्ध रहेको पाइन्छ । प्रत्येक शोध शीर्षकले आफ्नो उद्देश्य अनुरूप नेपाली भाषा शिक्षण सामग्री प्रयोगको अवस्थाका बारेमा दर्साए पनि माध्यमिक तहलाई उच्च शिक्षाको खम्बाको रूपमा लिइन्छ । उक्त तह र कक्षा दसमै नेपाली भाषा शिक्षणमा शिक्षण सामग्री प्रयोगको सकारात्मक तथा नकारात्मक पक्षका साथै माध्यमिक तहको दस कक्षामा पढाइ हुने नेपाली भाषा शिक्षणको शिक्षण कार्यमा आवश्यक शिक्षण सामग्रीको बारेमा छुट्टै खोज गर्न नसकेको देखिन्छ । यस कुरालाई दृष्टिगत गरी अध्ययन गर्दा **कक्षा दसको नेपाली भाषा शिक्षणमा प्रयोग गरिने शिक्षण सामग्रीको अध्ययन सम्बन्धी** नै व्यापक सोधकार्य भएको पाइएन । यस शीर्षक अन्तर्गत उक्त कुरा खोजी गर्न यस शीर्षकलाई नवीन ठानी अध्ययन गर्न आवश्यक ठानी यो शोध कार्य गरिएको हो ।

## १.६ अध्ययनको औचित्य र महत्त्व

नेपाली भाषालाई सजिलो विषय तथा जो सुकैले पनि पढाउन सक्छ भन्ने दृष्टिकोण हटाउनका लागि शैक्षिक सामग्री प्रयोगको अध्ययन गर्नु आवश्यक देखिन्छ । उच्च शिक्षाको बलियो आधारको रूपमा रहेको मा.वि. तहको कक्षा दसमा अध्ययन गर्ने छात्र छात्राहरूलाई

उपयुक्त शिक्षण सामग्री प्रयोग गरी उनीहरूमा भाषिक सिपहरूको शिक्षण सामग्री प्रयोग गरी उनीहरूमा भाषिक सिपहरूको विकास गर्न आवश्यक देखिन्छ । । भाषाका विभिन्न सिपहरूको प्रभावकारी शिक्षण गर्न शिक्षकले पाठ प्रस्तुतिका क्रममा शिक्षण सामग्रीको प्रयोग गर्नु पर्दछ । त्यसैले शिक्षण सिकाइलाई उद्देश्यपूर्ण रोचक, उत्प्रेरक, आकर्षक र चिरस्थायी बनाउन शिक्षण सामग्रीको महत्त्व रहन्छ ।

कुनै पनि पाठका जटिल अंशलाई सरल ढङ्गले बुझाउन सिकाइ तत्परता, कक्षा सहभागिता बनाउन, अमूर्त कुरालाई मूर्त रूपमा प्रस्तुत गर्न कक्षालाई जीवनतता प्रदान गर्न शिक्षण सामग्री अति नै उपयोगी हुन्छ । जब जुनसुकै विद्यालयमा नेपाली भाषा शिक्षणमा आवश्यक शिक्षण सामग्रीको प्रयोग हुन्छ । शिक्षकको शिक्षण कार्य सफल तथा चीरस्थायी हुन जान्छ भने, विद्यार्थीहरूले पनि रूचिका साथ भाषिक ज्ञान हासिल गर्दछन् भने विद्यालयको शैक्षिक वातावरण नै प्रशंसा गर्नलायक हुन पुग्छ ।

यसर्थ यस अध्ययनले भाषिक शिक्षण कार्यमा लागेका शिक्षक विद्यार्थी, विद्यालयको शैक्षिक वातावरणमा यस किसिमको शोध अध्ययनले ठुलो भूमिका खेल्ने देखिन्छ । यस शोध अध्ययनले सुदूरपश्चिमको कैलाली जिल्लाका पूर्वी क्षेत्रका विद्यालयहरूमा शैक्षिक सामग्री प्रयोगको अवस्थाबारे वास्तविकता पहिचान गरी आवश्यक सुधारका लागि सल्लाह सुझाब दिई शैक्षिक सुधार गर्न सहयोग मिल्ने देखिन्छ । यसैले कैलाली जिल्लाका विद्यालयहरूमा शैक्षिक गुणस्तर वृद्धिमा केही हदसम्म भए पनि सहयोग पुर्‍याउने देखिएकाले यस अध्ययनको औचित्यपूर्ण महत्त्व स्वतः प्रष्टिन्छ ।

## १.७ अध्ययन विधि

शोध कार्यलाई उद्देश्यमूलक बनाउनका अध्ययन विधिको महत्त्वपूर्ण भूमिका रहन्छ । जसमा यस अध्ययनलाई मूलतः क्षेत्रीय अध्ययन विधि, पुस्तकालयीय विधि वर्णनात्मक विधि, अपनाई सम्पन्न गरिएको छ । यस अध्ययनका लागि निम्न लिखित स्रोतहरूको उपयोग गरिएको छ :-

**क) अध्ययनका स्रोतहरू :**

अ) प्राथमिक स्रोत आ) द्वितीय स्रोत

### अ) प्राथमिक स्रोत

यस अध्ययनको तथ्याङ्कका प्राथमिक स्रोतका रूपमा त्यस क्षेत्रमा सञ्चालित माध्यमिक विद्यालयहरूमा गएर विषय शिक्षकसँग लिइएका प्रत्यक्ष छलफल, संवाद, कक्षा अवलोकन प्रश्नावली मार्फत सङ्कलित सूचना रहेका छन् ।

### आ) द्वितीय स्रोत

पूर्ववर्ति शोधकर्ताहरूका मिल्दा शोधहरूको, पुस्तक, पत्रिका आदिलाई द्वितीय स्रोतका रूपमा लिइएको छ । साथै सम्बन्धित विषय क्षेत्रका विशेषज्ञहरू, अनुसन्धानकर्ता र गुरूवर्ग तथा विज्ञ जनहरूका सुझाब, सल्लाह र मार्गदर्सनलाई पनि समुचित रूपमा अङ्गिकार गरेर शोधकार्य अगाडि बढाइएको छ ।

## ख) अध्ययनको जनङ्ख्या

प्रस्तुत शोधपत्रको अध्ययनको जनसङ्ख्यामा कैलाली जिल्लाको पूर्वी क्षेत्रका बलिया, चुहा र पथरैया गा.वि.स. मा सञ्चालित मा.वि. तहका विद्यालय कक्षा दसका विद्यार्थीहरू र उक्त क्षेत्रमा अध्यापनरत नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरू रहेका छन् ।

## ग) नमुना छनोट

प्रस्तुत अध्ययनमा यस क्षेत्रका शिक्षक, विद्यार्थी र विद्यालय छनोट गर्दा (कैलाली जिल्लाका पूर्वी क्षेत्रका बलिया, चुहा र पथरैया गा.वि.स. मा सञ्चालित विद्यालयका उच्च, मध्यम र निम्न स्तरका विद्यार्थीहरू पर्ने गरी सरल यादृच्छिक नमुना छनोट विधिबाट कैलाली जिल्लाका १५ विभिन्न विद्यालयका प्रत्येक विद्यालयबाट तिन/तिन जना पर्ने गरी ४५ जना विद्यार्थी र एक एक जना शिक्षक गरी जम्मा १५ जना विषय शिक्षक छनोट गरी शोध कार्य पुरा गर्न नमुना छनोट कार्य गरिएको छ ।

## घ) सामग्री निर्माण

प्रस्तुत शोध कार्य गर्न शिक्षकका लागि प्रश्नावली, विद्यार्थीका लागि अर्न्तवार्ता सूची र कक्षा अवलोकन फारम पनि निर्माण गरियो ।

## ङ) सामग्रीको पूर्व परीक्षण

सामग्रीको पूर्व परीक्षण गर्दा शोध निर्देशकको परामर्श लिएर त्यसको वैधता कायम गरियो ।

## च) तथ्याङ्क सङ्कलन

प्रस्तुत शोध अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्न यस कैलाली जिल्लाको पूर्वी क्षेत्रका बलिया, चुहा र पथरैया गा.वि.स. मा सञ्चालित मा.वि. तहका विद्यालयहरूमा अध्ययता स्वयम् उपस्थित भई विद्यालयहरूमा कक्षा दसमा पढ्ने विद्यार्थीहरूसँग शिक्षकले शैक्षिक सामग्री प्रयोग गरेको वा नगरेको, गरेको भए कस्ता किसिमका सामग्री प्रयोग गरिएका छन् त्यसबारे विविध जानकारी लिने काम गरियो । साथै विद्यालयका प्र.अ. तथा नेपाली भाषा शिक्षणका शिक्षकसँग पनि शिक्षण सामग्री प्रयोगबारे विविध छलफल गरियो । छलफल कार्यमा पुस्तकालयीय अध्ययनबाट प्रश्नावली फारम भर्न लगाइयो र आवश्यक तथ्याङ्क सङ्कलन गरियो ।

## छ) तथ्याङ्कको विश्लेषण र व्याख्या

प्रस्तुत शोध अध्ययन पुरा गर्न प्राप्त सामग्रीको अध्ययन सङ्कलन गरियो । त्यसको सम्पादन, व्यवस्थापन, संगठन, वर्गीकरण, तालिकीकरण गरियो । यसकार्यलाई यथोचित व्याख्याका लागि आरेख र आलेखमा देखाइ सामग्रीको अर्थापन गर्ने कार्य गरियो । त्यसको वर्णन, व्याख्या विश्लेषणबाट निष्कर्षमा पुगी सुझावहरू समेत पेस गरिएको छ । यसका लागि आदरणीय गुरूहरू, शोध निर्देशक, विज्ञजन आदिको सुझाब सल्लाहलाई पनि अनुसरण गरिएको छ ।

## १.८ अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत शोधको अध्ययन क्षेत्र र सीमा यस प्रकार रहेको छ :

क) प्रस्तुत शोधको अध्ययन क्षेत्रमा कैलाली जिल्लाका पूर्वी क्षेत्रका बलिया, चुहा र पथरैया गा.वि.स. मा सञ्चालित मा.वि. तहका (कक्षा दस) विद्यालय रहेका छन् ।

ख) कैलालीका पूर्वी क्षेत्रका बलिया, चुहा र पथरैया गा.वि.स. को १५ ओटा माध्यमिक विद्यालयहरू र ती विद्यालयमा नेपाली विषय शिक्षण गर्ने १५ जना शिक्षकहरूलाई मात्र लिइएको छ ।

ग) उक्त विद्यालयका कक्षा १० मा मात्र नेपाली भाषा शिक्षणमा शिक्षण सामग्रीको प्रयोग सम्बन्धी अध्ययन विश्लेषणमा यो शोध कार्य सीमित रहेको छ ।

घ) यस अध्ययनलाई कैलाली जिल्लाका सामुदायिक विद्यालयहरूमा मात्र सीमित गरिएको छ ।

## १.९ शोधको रूपरेखा

प्रस्तुत शोध अध्ययनको रूपरेखा यस प्रकार रहेको छ :

**अध्याय एक : शोध परिचय**

यस अध्यायमा शोधपत्रको शीर्षक, शोधको प्रयोजन, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व अध्ययन विधि, अध्ययनको क्षेत्र र सीमा तथा शोधको रूपरेखा समावेश गरिएको छ ।

**अध्याय दुई : शिक्षण सामग्रीको सैद्धान्तिक परिचय**

यस अध्यायमा शिक्षण सामग्रीको परिचय, शिक्षण सामग्रीका प्रकार, (मौखिक सामग्री, दृष्य, श्रव्य, श्रव्य दृर्श्य स्पर्श र  शिक्षक) सामग्री प्रयोगको महत्त्व र आवश्यकता, नेपाली भाषा शिक्षणमा प्रयोग गरिने शिक्षण सामग्रीका प्रकार, निर्माण र शिक्षण सामग्रीमा हुनु पर्ने विशेषताहरू समावेश गरिएका छन् ।

**अध्याय तिन : नेपाली शिक्षणमा शिक्षण सामग्रीको प्रयोगको वर्तमान स्थिति**

यस अध्यायमा परिचय, विद्यालयमा शिक्षण सामग्रीको प्रयोगको स्थिति, विद्यालयमा भएका शिक्षण सामग्रीको अवस्था, आर्थिक तथा भौतिक अवस्था, विद्यार्थी सङ्ख्या र कक्षाकोठाको अवस्था आदि बारे समावेश गरिएको छ ।

**अध्याय चार : तथ्याङ्कको व्याख्या र विश्लेषण**

यस अध्यायमा परिचय, शोधकार्य पुरा गर्न बनाइएका शिक्षक र विद्यार्थी प्रश्नावलीबाट प्राप्त सूचनाहरूको व्याख्या विश्लेषण, कक्षा अवलोकन फारमबाट प्राप्त सूचनाहरूको व्याख्या विश्लेषण, विद्यार्थीबाट प्राप्त सूचनाको विश्लेषण गरिने विषय वस्तु समावेश गरिएका छन् ।

**अध्याय पाँच : निष्कर्ष र सुझाव**

यस अध्यायमा शोधको निष्कर्ष, सुझाबहरू, प्रस्तुत शोधकार्यको शैक्षिक प्रयोजन (शैक्षिणिक उपयोगिता) र भावी शोध अध्ययन (अनुसन्धान) का सम्भाव्य शीर्षकहरू समावेश गरिएको छ ।

यसका साथै शोधको अग्रभागमा भूमिकामूलक कृतज्ञता ज्ञापन, शोध सार, विषय सूची, तालिका सूची पनि समावेश गरिएको छ भने पश्च भागमा सन्दर्भ सूची, शोधकर्ताको वैयक्तिक विवरण र परिशिष्टहरू समेत प्रस्तुत गरिएका छन् ।

# अध्याय : दुई
# शिक्षण सामग्रीको सैद्धान्तिक परिचय

## २.१ विषय प्रवेश

भाषाका विभिन्न सिप तथा पक्ष एवम् साहित्यका विविध पाठ्य वस्तुहरूको प्रभावकारी शिक्षण गर्न शिक्षकले पाठ प्रस्तुतिका क्रममा सहायक सामग्रीका रूपमा उपयोग गर्ने जुनसुकै सामग्रीलाई शिक्षण सामग्री भन्न सकिन्छ । कुनै पनि शिक्षण सिकाइको सिलसिलामा कुनै पनि धारणा स्पष्ट पार्नका लागि सिकाइलाई प्रभावकारी रूचिकर, स्थायी व्यावहारिक र उद्देश्यमूलक बनाउका लागि शिक्षण कार्यमा प्रयोग गरिने विभिन्न किसिमका सामग्रीलाई शिक्षण सामग्री भनिन्छ । शिक्षण सामग्रीले जुनसुकै तह र कक्षाको शिक्षण सिकाइ प्रक्रियालाई सरल, अर्थपूर्ण र रोचक बनाउँछ । शिक्षाको गुणस्तर विकास गर्न र शिक्षण कार्यमा आउने अप्ठ्यारा, जटिलतालाई हटाउनका लागि पाठ्य पुस्तक शिक्षक निर्देशन पुस्तिका जस्ता पाठ्यक्रम स्रोतबाट जुटाएका सामग्रीको प्रयोग गरिन्छ ।

शिक्षण कार्य जहिले पनि व्यावहारिक र विद्यार्थीको सिकाइप्रति अभिप्रेरित र रूचिकर हुनु पर्दछ । अर्थपूर्ण सिकाइ र सिकाइलाई सिकाइप्रति अभिप्रेरित गरी रूचिकर बनाउने शिक्षण सामग्रीको प्रयोग गर्न अति आवश्यक पर्दछ । शिक्षण सामग्री प्रयोग गर्दा विद्यार्थीको स्तर, रूचि र सम्बन्धित पाठ अनुरूप सामग्री छनोट गरी आवश्यक र उपयुक्त सामग्री मात्र प्रयोग गर्नु पर्दछ । शिक्षण सामग्रीको प्रयोगले शिक्षण सिकाइलाई सरल, रोचक र अर्थपूर्ण बनाउनका साथै विद्यार्थीलाई क्रियाशील बनाई अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्न शिक्षणप्रति प्रेरित बनाउन सहयोग गर्दछ । "सय चोटी भनेको भन्दा एक चोटी देखेको सिकाइ प्रभावकारी हुन्छ ।" (शर्मा र पौडेल, २०६७ : १३५) यस भनाइले पनि शिक्षण सामग्रीको महत्त्वलाई स्पष्ट पारेको छ । पहिले पहिले परम्परावादी धारणा अनुसार सिकाइ मौखिक सञ्चार वा लिखित प्रक्रियाको माध्यमका रूपमा मात्र हुने गर्दथ्यो, अहिले आएर शिक्षण सिकाइको अपरिहार्य वस्तुका रूपमा शिक्षण सामग्रीलाई महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ ।

शिक्षण सामग्री दैनिक प्रयोगका सामग्रीहरूमा (पाठ्य पुस्तक, कालो /सेतो पाटी, चक, डस्टर आदि) शिक्षक निर्मित सामग्री (प्रतिमूर्ति, चित्र, विभिन्न किसिमका पत्ती, तालिका आदि) मौखिक सामग्री (उदाहरण, प्रश्न आदि), सङ्कलित सामग्री (पत्र पत्रिका, तस्विर, वास्तविक वस्तु, पोस्टर आदि) विद्युतीय सामग्री (टेपरिकर्डर, रेडियो, ग्रामोफोन टेलिफोन, टेलिभिजन, भिडियो, टेप, ओभर हेड प्रोजेक्टर, फिल्म स्ट्रिप, स्लाइड आदि) पर्छन (शर्मा र पौडेल, २०६७ : २६५) ।

शिक्षण सामग्रीको व्यवस्था मिलाउँदा र कक्षामा तिनको प्रयोग गर्दा विद्यार्थीहरूको बौद्धिक क्षमता, कक्षाको स्तर, विद्यार्थी सङ्ख्या विद्यार्थीको अनुभवको सेरोफेरो, स्थानीय वातावरण, पाठगत सान्दर्भिकता, विद्यार्थीहरूको भाषिक र सांस्कृतिक पृष्ठभूमि, विषयवस्तु तथा पाठ्यवस्तुको प्रकृति जस्ता विविध कुराहरूको विशेष ख्याल गर्नु पर्छ । तर सामग्रीहरू आकर्षण र सबै कुरालाई ध्यान पुऱ्याएर बनाइएका भए पनि तिनीहरूलाई प्रसङगानुकूल तथा उचित ढङ्गले प्रयोग गर्न सकिएन भने सिकाइका उद्देश्यहरू प्राप्त गर्न मुस्किल पर्छ र तिनको कुनै औचित्य हुँदैन । त्यसैले सामग्रीहरूको समुचित प्रयोगमा विशेष ध्यान दिनु पर्छ ।

भाषिक उद्देश्यका उपलब्धि तहसम्म पुग्न मद्दत पुऱ्याउने खालका त्यस्ता शिक्षण सामग्री वा शिक्षण सहायक सामग्रीलाई आधार वा मूल सामग्री, पूरक सामग्री र सहायक सामग्री गरी मुख्य तिन प्रकारमा विभाजन गर्न सकिन्छ । यस मानेमा पाठ्य पुस्तक र त्यसभित्रका पाठ्य सामग्रीलाई आधार सामग्री वा मूल सामग्री : अभ्यास पुस्तिका, शिक्षण निर्देशिका तथा पूरक पाठ्य पुस्तकलाई पूरक सामग्री र अन्य सबै प्रकारका सामग्रीहरूलाई सहायक सामग्री भनेर व्यावहार गर्ने गरिएको पाइन्छ । आधार सामग्री नभई नहुने अनिवार्य सामग्री हो । जसको सहायताले समग्र पठन पाठन र शैक्षणिक गतिविधि एवम् कार्यकलापहरू सञ्चालन गरिन्छ । अन्य पूरक वा शैक्षिक सामग्री भने शिक्षणलाई प्रभावकारी तथा गतिशील बनाउन मद्दत गर्ने वैकल्पिक सामग्री हुन् जसको प्रयोग अनिवार्य नभए पनि अपेक्षित भने मानिन्छ (शर्मा र पौडेल, २०६७ : २७५) ।

**क) शिक्षण सामग्रीको महत्त्व**


- शिक्षण कार्यलाई उद्देश्यपूर्ण, रोचक, उत्प्रेरक, आकर्षक र चिरस्थायी बनाउन शिक्षण सामग्रीको ठुलो महत्त्व छ ।
- पाठका जटिल अंशलाई सरल ढङ्गले बुझाउन शिक्षण सामग्रीको महत्त्व छ
- सिकाइ तत्परता र कक्षा सहभागिता बढाउन, अमूर्त कुरालाई मूर्त रूपमा प्रस्तुत गर्न, कक्षालाई जीवन्तता प्रदान गर्न र शिक्षकको कार्यबोझ घटाउन पनि शिक्षण सामग्रीको महत्त्व छ ।

**ख) शिक्षण सामग्रीबाट हुने फाइदाहरू**

- शिक्षण रोचक र आकर्षक बन्छ साथै दुरूहता र जटिलता कम भई पाठ सरल र सुगम बन्छ ।
- सिकाइप्रति रूचि जागृत हुन्छ र प्राप्त ज्ञान स्थायी र पुष्ट हुन्छ ।
- अभ्यास तथा कार्यकलापलाई विविधता युक्त बनाउन सकिन्छ ।
- शिक्षण प्रभावकारी बन्छ र विद्यार्थी सक्रियता बढ्छ ।
- काल्पनिक दृश्य तथा वस्तुहरूलाई वास्तविक रूप दिन सकिन्छ
- विद्यार्थीहरूमा ज्ञान तथा अनुसन्धान क्षेत्र विस्तृत र व्यापक भई उनीहरूको चिन्तन शक्तिको विकास हुन्छ ।
- भाषिक तथा साहित्यिक अनुभव तथा सुझावमा वृद्धि भई सिर्जनात्मक क्षताको विकास हुन्छ ।
- शिक्षण सामग्रीले वस्तु र शब्दबिच समन्वय देखाउन सुविधा प्रदान गर्दछ ।
- पाठलाई स्पष्ट, पूरक र ज्ञानवर्द्धक बनाउन मद्धत पुऱ्याउँछ ।

## २.२ नेपाली शिक्षणमा प्रयोग गर्न सकिने शिक्षण सामग्रीका सामान्य प्रकार

विभिन्न विद्वानहरूले विभिन्न प्रकारले वर्गीकरण गरेका छन् । ती मध्ये शर्मा र पौडेल (२०६७) ले शिक्षण सामग्रीको वर्गीकरण यसरी गरेका छन् :




## २.३ मौखिक सामग्री

मौखिक शिक्षण सामग्री अन्तर्गत शिक्षणका क्रममा गरिने प्रश्न र उदाहरण पर्छन् । शिक्षणमा प्रश्नको उपयोग गर्दा विद्यार्थीको ध्यानाकर्षणका साथै पाठ अगाडि बढाउन पनि मद्दत मिल्छ । यसबाट विद्यार्थी सक्रियता बढ्ने उनीहरूको कल्पना र तर्क शक्तिको विकास गर्न मद्दत मिल्ने, शिक्षक, विद्यार्थीका बिच अन्तर्क्रियाको अवसर मिल्ने आदि फाइदा हुन्छन् । शिक्षण सामग्रीका रूपमा उपयोग गरिने प्रश्नहरू छोटा मिठा, सरल र स्पष्ट, प्रासङ्गिक, स्तर अनुरूप, उद्देश्यमूलक तथा व्यक्तिगत भिन्नतालाई ख्याल राख्ने खालका हनु पर्छ ।

उदाहरण पनि महत्त्वपूर्ण मौखिक शिक्षण सामग्री हो । यसको सहायताले पाठलाई सरल रूपमा प्रस्तुत गर्न, दुरूह कुराहरूलाई सुवोध तुल्याउन, रूचिमा निरन्तरता कायम गर्न तथा पाठलाई क्रमिकता दिन सुगम हुन्छ । उदाहरण दिँदा दृश्य तथा श्रव्य उपाय समेत अवलम्बन गर्न सकिन्छ । उदाहरण दिनका लागि रोचक विद्यार्थीको स्तर अनुरूप, अनुभव क्षेत्र अनुरूप, सरल र स्पष्ट बुझिने हुनुपर्छ ।

तसर्थ शिक्षण सामग्रीका विभिन्न प्रकार मध्ये मौखिक सामग्रीको पनि महत्त्व भएको र शिक्षण सामग्रीका, रूपमा शिक्षण कार्यमा प्रयोग गर्न आवश्यक देखिन्छ र प्रयोग हुँदै आएको तथा हुने देखिन्छ ।

## २.४ दृश्य सामग्री

कुनै पनि सामग्रीलाई देख्न सकिने तर सुन्न नसकिने हुन्छ भने त्यस्तो सामग्रीलाई दृश्य सामग्री भनिन्छ । अर्थात् प्रत्यक्ष रूपमा आँखाले हेर्न सकिने सामग्रीलाई दृश्य सामग्री भनिन्छ । दृश्य सामग्री देखाएर शिक्षक स्वयम्ले व्याख्या गरि दिंदा शिक्षण कार्य प्रभावकारी हुन्छ । दृश्य सामग्रीको प्रयोगले विद्यार्थीले धारणात्मक विकास गर्न सक्दछन् । दृश्यको माध्यमबाट विद्यार्थीले प्रत्यक्ष रूपमा त्यसलाई अनुभव गर्न पाउँछन र शिक्षकलाई चाहेको कुरा प्रस्तुत गर्न मद्दत मिल्छ । शिक्षण सिकाइलाई प्रभावकारी बनाउने दृश्य सामग्रीहरू, (पाटी, गोजी, तालिका, पत्ती, चित्र, प्रतिमूर्ति, तालिका, प्रोजेक्टर, स्लाइड, फिल्मस्ट्रिप आदि) लाई सङ्क्षेपमा छुट्टाछुट्टै वर्णन गरिएको छ :

### क) पाटी

पाटीहरू विभिन्न प्रकारका हुन्छन् । ती मध्ये कालो पाटी, सेतो पाटी, चुम्बकीय पाटी र फलाटिन पाटी प्रमुख छन् । कालो पाटी सर्व सुलभ सामग्री हो भने फलाटिन पाटी कता कतै प्रयोगमा आएको देखिन्छ । हिजोआज सहर बजारका विद्यालयहरूमा सेतो पाटी र मार्करको प्रचलन पनि निकै बढेर आएको पाइन्छ । चुम्बकीय पाटी भने बिरलै देखिन्छ ।

### आ) कालोपाटी /सेतोपाटी

कालोपाटी / सेतो पाटी कक्षा कोठामा यत्रतत्र प्रयोग हुने पाटी भएता पनि यो हरियो, सेतो, पहेंलो, निलो आदि रङ्गमा पनि पाइन्छ । हिजोआज सेतो पाटीमा खरी वा चकको सट्टा मार्करले लेख्ने चलन बढी चलेको पाइन्छ । वास्तवमा कालोपाटी, सेतोपाटीलाई आधार सामग्री रूपमा लिइन्छ । शिक्षण कार्यमा सबभन्दा बढी प्रयोग गरिने साथै दैनिक व्यवहारमा आउने शिक्षण सामग्री नै कालोपाटी वा चकपाटी हो । यो विश्वका प्राय सबै विद्यालय तहदेखि उच्च शिक्षा प्रदान गर्ने विश्व विद्यालयमा ख्याति प्राप्त प्रथम प्रचलित शिक्षण सामग्री हो । एकपटक निर्माण गरेपछि धेरै समयसम्म रहि रहने, कम खर्चिलो, धेरै मर्मत गर्नु नपर्ने र जतिखेर पनि उपलब्ध हुने हुनाले यसको प्रयोग बढी मात्रामा हुने गर्दछ । कालोपाटी शिक्षणका क्रममा अनेकौ प्रयोजनका लागि उपयोग गर्न सकिन्छ । खासगरी पाठ्य पुस्तकले दिन खोजेका मुख्य मुख्य कुराहरू टिपोट गर्न, आवश्यक

चित्र कोरी विद्यार्थीहरूमा स्पष्ट धारणा बसाल्न, उच्चारण सम्बन्धी अभ्यास गराउन, हिज्जे वा वर्णविन्यास सुधार्न, शब्दको अर्थ र यसको प्रयोग गर्न विद्यार्थीको ध्यानाकर्षण गर्न, गृहकार्य दिन, विद्यार्थीलाई अस्पष्ट भएका समस्या समाधान गर्न जस्ता अति आवश्यकीय शिक्षण सिकाइ क्रियाकलापका लागि कालोपाटी बढी उपयोगी मानिन्छ र अन्य शिक्षण सामग्री मध्ये प्रशिद्ध र सजिलो सामग्री हो ।

**कालोपाटी निर्माण गर्दा ध्यान दिनु पर्ने कुराहरू**

- कालोपाटी बनाउँदा ३ फिट चौडाइ र ५ फिट लम्बाइको आकारलाई प्राय उपयुक्त मानिन्छ ।
- कालोपाटी काठको वा भित्तामा स्थायी किसिमले कक्षाकोठा र विद्यार्थी सङ्ख्याको अनुपातमा बनाउनु पर्छ ।
- काठको कालोपाटी बनाउँदा चारैतिर काठको फ्रेम लगाई कतै प्वाल नभएको चिल्लो र सतह मिलेको हुनुपर्छ ।
- कालोपाटी बनाइ सकेपछि प्राय कालो रङ्ग लगाउनु पर्छ ।
- कालोपाटीलाई भुवादार कपडा वा डस्टरले मेट्नुपर्छ र समय समयमा यसलाई रङ्गाउँदै गर्नु पर्दछ ।
- सेतो पाटीमा प्रयोग गरिएका किलाहरू राम्ररी मिलाउनु पर्दछ ।

**कालोपाटी प्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरू :**

- कालोपाटी कक्षाका सबै विद्यार्थीहरूले देख्ने गरी निर्माण तथा राख्नु पर्दछ ।
- कालोपाटीमा सबै विद्यार्थीहरूले देख्न सक्ने गरी उपयुक्त आकारका अक्षरहरू लेख्नु पर्छ ।
- आवश्यक तथा पाठसँग सम्बन्धित कुराहरू मात्र लेख्नु पर्दछ ।
- कालोपाटीमा लेखिएको कुरा प्रयोग पछि तुरून्त मेट्नु पर्दछ ।
- कालोपाटीमा लेख्दा बोल्दै लेख्दै गर्नु राम्रो मानिन्छ ।
- कालोपाटीमा लेख्दा सफासँग बायाँ पट्टिको माथिल्लो भागबाट सिधासँग लेख्नु पर्दछ ।
- लेखिसकेपछि शिक्षकले छेकिने गरी उभिनु हुँदैन ।

- कालोपाटीमा लेखिएका शब्दहरू शुद्ध र स्पष्ट हुनु पर्दछ ।
- कालोपाटीलाई समय समयमा मर्मत, सफाइ तथा रङ्गाउदै गर्नु पर्छ ।
- लेखेको मेट्दा भुवादार कपडा वा डस्टरको प्रयोग गर्नु पर्दछ ।

## ख) फलाटिन पाटी

फलाटिन पाटी पनि शिक्षण सामग्रीका विभिन्न प्रकार मध्येको एक महत्त्वपूर्ण सामग्री हो । फलाटिनको कपडाबाट बनाइएको पाटीलाई फलाटिन पाटी भनिन्छ । अर्थात् कक्षाकोठाभित्र विभिन्न शिक्षण सामग्री (चार्ट, पोस्टर, तस्वीर आदि) टाँसेर प्रदर्शन गर्न सघाउ पुगोस् भन्ने हेतुले फलाटिनको कपडाबाट बनाइएको पाटीलाई फलाटिन पाटी भनिन्छ । शिक्षकले कालोपाटीमा लेखेर देखाउन नभ्याउने अनेकौं चित्र, तालिका, पोस्टरहरू आकर्षक तथा नाटकीय ढङ्गले फलाटिन पाटीमा टाँसेर देखाउन सकिन्छ । यो एउटा सामान्य सरल र प्रभावकारी शिक्षण सामग्री हो । उसलाई जुनसुकै शिक्षकले जुनसुकै ठाउँमा पनि निर्माण गरि प्रयोगमा ल्याउन सक्छन् । यसको खास प्रयोग आवश्यक चित्रको प्रदर्शन गर्न टाँसिएका चित्रको पाठको आधारमा व्याख्या गर्न छलफल गर्न र कक्षालाई आकर्षित बनाउनका लागि प्रयोग गरिन्छ ।

### फलाटिन पाटीको फाइदाहरू

- कक्षा शिक्षणको पाठमा आवश्यक पर्ने चित्र तथा चार्टहरूको प्रदर्शन गर्ने ।
- चित्र राम्ररी बनाउन गाह्रो भएमा वा समय धेरै लाग्ने भएमा शिक्षण अगाडि नै बनाइएका चित्रहरूको प्रयोग गर्न ।
- आवश्यक समाचार पत्र वा अन्य पत्रिकाका कटिङ्गहरू प्रदर्शन गर्न ।
- कालोपाटीको प्रयोगबाट कक्षा आकर्षण नहुँदा रङ्गीन र तयारी सामग्रीको प्रयोग गर्न ।

### फलाटिन पाटीको निर्माण गर्ने तरिका

- ३×४ फिट साइजको फलाटिन कपडालाई राम्ररी तन्काएर त्यति नै साइजको बाक्लो कागजमा टाँस्ने र कालोपाटी जस्तै भित्तामा टाँस्ने ।

- फलाटिनको कपडा साइज अनुसार काट्ने र त्यसको माथिपट्टि र तलपट्टि अर्थात् चौडाइ पट्टि दुबैतिर इजार घर बनाउने, इजार घर तल र माथि दुबैतिर काठ घुसार्ने, भित्तामा किलो ठोक्ने र किलामा झुन्ड्याउने गरी तयार गर्ने ।
- सजिलोसँग कम खर्चमा निर्माण हुने र शिक्षणका लागि आवश्यक पर्ने सामग्री फलाटिन पाटी सबै शिक्षक द्वारा निर्माण गर्न सकिन्छ ।

**ग) चुम्बकीय पाटी**

दृश्य सामग्रीका विविध प्रकार मध्ये यो पनि एक हो । पछाडि पट्टि चुम्बकको पाता राखी बनाइएको पाटी चुम्बकीय पाटी हो । यस पाटीमा राखी प्रदर्शन गरिने सामग्रीका पछाडि पट्टि फलामको पाता जडान गरिएको हुन्छ । जसले गर्दा पाटीको चुम्बकले शिक्षकले चाहेको ठाउँमा अड्याइ राख्न सक्छन् । तर यस खालको सामग्री बजारबाट तयारी रूपमा लिनु पर्ने हुन्छ । नेपाली शिक्षणका लागि बजारमा यस प्रकारका सामग्री बिरलै पाइने स्थिति भएकाले यसको प्रयोग नगन्य रूपमा देखिन्छ ।

**घ) प्रक्षेपक (प्रोजेक्टर)**

प्रक्षेपका सहायताले नेपाली भाषा शिक्षणका अनेकौं पाठ्यवस्तुलाई कक्षामा प्रस्तुत गर्न सकिन्छ । प्रक्षेपकका विभिन्न किसिम छन् र तिनको उपयोग, उद्देश्य अनुसार गर्नु पर्छ । विभिन्न प्रकारका तालिका चित्र, मानचित्र, रेखा चित्र, पाठका प्रमुख बुँदा उत्तरका नमुनाहरू आदि पारदर्शी प्लास्टिकमा विशेष खाले कलमले लेखी प्रस्तुत गर्न सकिने प्रक्षेपकलाई 'ओभरहेड प्रक्षेपक' भनिन्छ । विभिन्न उद्देश्यका लागि तयार पारिएका स्लाइडलाई प्रदर्शन गर्न सकिने 'प्रक्षेपकलाई स्लाइड' प्रक्षेपक भनिन्छ । त्यस्तै अपारदर्शी सामग्रीलाई यसको प्रदर्शन 'ट्रे' मा राखी प्रस्तुत गर्न मिल्ने प्रक्षेपक चाहिँ 'अपारदर्शी' प्रक्षेपक हो । अझ अर्को प्रक्षेपक हो फिल्म स्ट्रिप वा चित्र पट्टिका प्रक्षेपक । यसका सहायताले चित्र पट्टिकाहरूको प्रदर्शन गर्न सकिन्छ तर महँगो पर्ने भएकाले र सामग्री निर्माणका लागि सिपको आवश्यकता पर्ने भएकाले नेपाली भाषाका कक्षामा यस्ता प्रक्षेपकको उपयोग अहिलेसम्म दुर्लभै छ (अधिकारी, २०६७ : २०३) ।

### ङ) तालिका

दृश्य सामग्रीहरू मध्ये तालिका पनि एउटा महत्त्वपूर्ण सामग्री हो । नेपाली शिक्षण गर्दा सम्बन्धित पाठका प्रमुख बुँदाहरूलाई तालिकामा राखेर सरल ढङ्गले प्रस्तुत गर्न सकिन्छ । स-साना कक्षाहरूमा अक्षर र अङ्कलाई तालिकामा देखाएर पाठ प्रस्तुत गर्न सकिन्छ । जसबाट बाल बालिकाहरूले सरल र रोचक किसिमले व्यावहारिक ज्ञान हासिल गर्न सक्छन् । व्याकरणात्मक कोटि, साहित्यका विभिन्न तत्त्व, शब्द निर्माण प्रक्रिया, वाक्य गठन आदि कुरालाई तालिकामा देखाउन सकेमा कक्षा प्रभावकारी भई पाठको उद्देश्यमा पुग्न सजिलो हुन्छ ।

### च) गोजी तालिका

गोजी तालिका भाषा शिक्षणमा उपयोग हुने एक महत्त्वपूर्ण सामग्री हो । एउटा कडाखाले कागजमा तीन/ चार बराबर लहर हुने गरी ५×६ इन्च आकारका गोजी खाली बनाउने सामग्री नै गोजी तालिका हो । यो कपडाको पनि बनाउन सकिन्छ । यसको हरेक गोजी २ इन्च गहिरो हुन्छ । र गोजीहरूका विचको दुरी कम्तीमा १ इन्च हुन्छ । यसको आकार आवश्यकता अनुसार १८×२४ इन्च, २४×२४ इन्च वा २२×२८ इन्च बनाउन सकिन्छ । शब्दपत्ती र वाक्य पत्तीको प्रयोग गरेर शब्दार्थ, वाक्य प्रयोग, व्याकरणका नियम, अक्षर आदिको शिक्षण क्रम मिलाएर राख्नु पर्दछ । कुनै एउटा गोजीमा एउटा अक्षर लेखिएको पत्ती राखेपछि क्रमैसँग अन्य पत्ती राख्दै जानु पर्दछ । यसको प्रयोगबाट विद्यार्थीमा सृजनशीलता, रोचकता, उत्पन्न हुन्छ र शिक्षणलाई प्रभावकारी ढङ्गले बढाउन सकिन्छ (भण्डारी, २०६३ : २१५) ।

### छ) पत्तीहरू

बाक्लो काजगका ४×५ इन्च आकारका टुक्राहरूलाई पत्ती भनिन्छ । पत्तीको प्रयोजन अनुसार यिनलाई अक्षरपत्ती, शब्दपत्ती आदि नाम दिइन्छ । नेपाली शिक्षणमा मुख्य गरी शब्दार्थ, शब्द प्रयोग, अक्षर चिनारी तथा लेखन उच्चारण, व्याकरण सम्बन्धी नियम र उदाहरण आदि विभिन्न पाठ्य वस्तुलाई कक्षामा प्रस्तुत गरी शिक्षणलाई रोचक आकर्षक र प्रभावकारी बनाउन यस्ता पत्तीहरू एकदमै उपयोगी हुन्छन् । कक्षामा यिनलाई

गोजीतालिका वा फलाटिन पाटीमा राखी प्रस्तुत गर्न सकिन्छ । यस्ता पत्तीहरू कक्षाको आकार हेरी आकर्षक र स्पष्ट बुझिने गरी लेखेर तयार गर्नु पर्दछ ।

**ज) चित्र तथा रेखा चित्र**

जुन कुराले कुनै तथ्य वा भावनालाई अभिव्यक्त गर्दछ, त्यसलाई नै चित्र भनिन्छ । चित्रहरू भाषा शिक्षणमा व्यापक रूपमा प्रयोगमा आउने सामग्री हुन् । यी चित्रहरू प्रसङ्ग अनुकुल भाषिक पाठ्यवस्तुको अभ्यास तथा प्रयोग गराउन, उपयुक्त सन्दर्भहरू सिर्जना गर्न, पाठलाई रोचक, शब्द, अर्थ र व्याकरणिक नियमहरूको धारणा बसाल्न, खास वातावरणको कुनै दृश्य वा दृश्यावली प्रस्तुत गरी सिकाइलाई अर्थपूर्ण बनाउन आदि विभिन्न उद्देश्यहरूका लागि उपयोगी हुन्छन् । चित्रहरू शिक्षक आफैले बनाई वा विभिन्न पत्र - पत्रिकाहरू बाट सङ्कलन गरी प्रयोग गर्न सकिन्छ । चित्र उपलब्ध नहुने स्थितिमा शिक्षकले कालोपाटीमा रेखाचित्र बनाई काम चलाउन सक्छन् । विभिन्न रेखाहरूको प्रयोग गरी बनाइने चित्र रेखाचित्र हो । यो चित्र अन्य चित्रभन्दा बनाउन सजिलो हुन्छ र यसमा रङ्हरूको पनि आवश्यकता पर्दैन यस्ता चित्रबाट पनि वस्तु, अर्थ, कार्य आदिको धारणा दिन सकिन्छ ।

**झ) व्यङ्ग्यचित्र**

शिक्षण कार्य रोचक बनाउन विद्यार्थीलाई कथा, नाटक आदि शिक्षण गर्नु पर्दा व्यङ्ग्य चित्रको प्रयोग गर्नु प्रभावकारी मानिन्छ । यस्ता चित्रहरूले शिक्षणमा मनोरञ्जन प्रदान गर्नुका साथै सिकाइलाई अझ बढी स्थायी बनाउन सयोग पु¥याउँछ ।

**ञ) प्रतिमूर्ति**

शिक्षण सिकाइमा वास्तविक विषय वस्तुलाई जस्ताको तस्तै प्रस्तुत गर्न नसकिने हुँदा त्यस्ता वस्तुहरूको नक्कल बनाई कक्षामा प्रस्तुत गर्नुलाई प्रतिमूर्ति भनिन्छ । यो कुनै ठुलो वस्तुको सानो नमुना हो । भाषा शिक्षणमा खास गरी तल्ला कक्षामा शब्द भण्डारको शिक्षणमा खास गरी तल्ला कक्षाका शब्द भण्डारको शिक्षण तथा विकासका लागि, मौखिक

तथा लिखित वर्णनका लागि, अपरिचित कुरा (पहाड, पशुपतिनाथ, पशुपक्षी आदि) को धारणा बसाल्नका लागि प्रतिमूर्तिको उपयोग आवश्यक हुन्छ ।

**ट) चित्रकथा**

शिक्षण सिकाइमा चित्र कथाको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । सिल सिलावद्द र सन्देश मूलक चित्र कथाबाट विद्यार्थीहरूमा सूक्ष्म अध्ययन गर्ने बानीको विकास हुनका साथै वर्णनात्मक क्षमताको पनि विकास हुन्छ । तसर्थ तल्ला कक्षाहरूमा चित्रकथा बढी प्रभावकारी हुन्छ । माथिल्लो कक्षा जस्तै आठ, नौ र दशमा पनि जीवनी तथा प्रशिद्ध साहित्यकार, वैज्ञानिकको बारेमा शिक्षण गर्दा चित्रकथा प्रयोग गर्न सकिन्छ ।

**ठ) तस्विर**

शिक्षण सिकाइमा तस्विर पनि एउटा महत्त्वपूर्ण सामग्रीको रूपमा मानिन्छ । कुनै पनि लेखक तथा साहित्यकारको वर्णन गर्न, कुनै ठाउँ वा वस्तुको जानकारी गराउन तस्विरको प्रयोग गर्न उपयुक्त हुन्छ । तस्विरले विद्यार्थीहरूमा अभिप्रेरणा जगाई सिकाइलाई सरल र रोचक बनाउँछ ।

**ड) पाठ्य पुस्तक**

भाषा पाठ्य पुस्तक शिक्षण सिकाइको महत्त्वपूर्ण तथा आधिकारिक सामग्री हो । यसको सहयोगले विद्यार्थीहरू सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रम अनुरूपका भाषिक अपेक्षाहरू हासिल गर्न सक्छन् । यो विद्यार्थीको स्तर, अनुभव र सिकाइ क्षमतालाई ख्याल गरेर सङ्गठित गरिएको महत्त्वपूर्ण सामग्री हो । भाषा पाठ्य पुस्तक प्रत्येक कक्षाका लागि छुट्टा छुट्टै निर्माण गरिएको हुन्छ । जसमा वर्षभरि के पढाउने, कसरी, कति, पढाउने भन्ने जस्ता कुराहरूको जानकारी प्रदान गरी भाषा शिक्षकहरूलाई समेत आधार प्रदान गरेको हुन्छ । अतः भाषा पाठ्य पुस्तक विद्यार्थीहरूलाई दोहोर्‍याएर पढ्न अभ्यास गर्न, गृहकार्य गर्न, कक्षा कार्य कलापलाई प्रभावकारी बनाउन जस्ता महत्त्वपूर्ण सहयोग पुर्‍याउने एकदमै भरपर्दो तथा अति आवश्यक सामग्री हो ।

## २.५ श्रव्य सामग्री

शिक्षण सामग्रीका विभिन्न प्रकार मध्ये श्रव्य सामग्री पनि एक महत्त्वपूर्ण सामग्रीका रूपमा लिइन्छ । भाषा शिक्षणमा श्रव्य सामग्रीले महत्त्वपूर्ण भूमिका खेल्दछ । सुनेर मात्र सिक्न सकिने सामग्रीलाई श्रव्य सामग्री भनिन्छ । यस्ता सामग्रीबाट शिक्षकबिना पनि बोलाइको अभ्यास गराउनका साथै शिक्षार्थीले सिकाइ हासिल गर्न सक्दछ । यी श्रव्य सामग्रीहरू निम्नानुसार छन् :

### क) रेडियो

रेडियो एउटा महत्त्वपूर्ण श्रव्य सामग्री हो । जसबाट भाषाका शुद्ध रूपको जानकारी हुनुको साथै शुद्ध उच्चारणको पनि अभ्यास गराउन र गर्न सकिन्छ । रेडियोको प्रयोग गरी दूर शिक्षण कार्यक्रम मार्फत् विभिन्न दार्शनिक एवम् विचारकहरूका भनाइहरू सङ्गीत, कला, साहित्यका विविध प्रभावकारी विधाहरूका बारेमा पनि प्रयोग गरी सिकाइ गर्न सकिन्छ । जसलाई विद्यालयले आवश्यकता अनुसार प्रयोग गरी विद्यार्थीलाई सुनाउन सक्छन् । जसबाट विद्यार्थीले सिकाइ हासिल गर्न सक्छन् । जसका माध्यमबाट शिक्षणलाई रोचक र प्रभावकारी रूपमा अगाडि बढाउन सकिन्छ ।

### ख) टेप रेकर्डर

यो पनि एक किमिको श्रव्य सामग्रीमा पर्नेमध्येकै एक हो । शिक्षणलाई प्रभावकारी बनाउनका लागि कुनै पनि पाठ, कहानी, एकाङ्की, शब्द, शब्द रचना वाक्य रचना, संवाद र कविता वाचन आदिलाई टेप रेकर्डरमा आवश्यकता अनुसार भरेर कक्षामा सुनाउने गर्न सकिन्छ । जसलाई टेप रेकर्डर भनिन्छ । शिक्षक नभएका समयमा सम्बन्धित पाठको टेप रेकर्डर कक्षामा लगेर सुनाउन सकिन्छ । यसबाट विद्यार्थीलाई बोल्न सिकाउन, नाटकको अभिनय गर्न सिकाउने, विभिन्न किसिमका भाषा सिकाउने आदि कार्यमा यसको प्रयोग गर्न सकिन्छ (भण्डारी, २०६३ : १५७) ।

### ग) ग्रामोफोन

यो पनि टेप रेकर्डर जस्तै कक्षा शिक्षणमा भाषा, सङ्गीत आदिको बारेमा आवश्यकता अनुरूप प्रयोग गरी सिकाइको अभ्यास गराउनका लागि उपयुक्त मानिन्छ । ग्रामोफोनका सहायताले कविता, एकाङकी, संवाद, उच्चारण, सस्वर वाचन, बोलाइका विभिन्न शैली आदिको अभ्यास गराउन सकिन्छ । यो स्थायी रेकर्ड हो र बनिबनाउ बजारबाट किनेर उपयोग गर्नु पर्छ । नेपाली शिक्षणका लागि भने यस्ता रेकर्डहरू बजारमा आई सकेका छैनन् (भण्डारी, २०६८ :१६६) ।

## २.६ श्रव्य दृश्य सामग्री

सुन्न र देख्न सकिने खालका शिक्षण सामग्रीलाई श्रव्य-दृश्य सामग्री भनिन्छ । यस अन्तर्गत चलचित्र, टेलिभिजन, भिडियो जस्ता चित्र र ध्वनियुक्त सामग्री पर्दछन् । कक्षा कोठाभित्र श्रव्य-दृश्य सामग्रीको प्रयोग गरेमा विद्यार्थीहरूमा अपेक्षित ज्ञान, सिप र धारणाको विकासमा सघाउ पुग्दछ । विद्यार्थीहरूलाई आज दिइएको ज्ञानले भोलिका सिकाइहरूमा मद्दत गर्न सक्नु नै वास्तविक सिकाइ हो । तसर्थ भाषा शिक्षणमा श्रव्य-दृश्य सामग्रीको महत्त्वपूर्ण स्थान रहेको छ ।

श्रव्य दृश्य सामग्रीहरू आर्थिक रूपमा महँगा तथा खर्चिला सामग्री हुन् सबै विद्यालयले सहजै रूपमा किन्न सक्दैनन् । सम्पन्न विद्यालयमा मात्र बढी प्रयोग गरिएको पाइन्छ । तर हाल आधुनिक युगमा शिक्षण गर्नु पर्ने बाध्यता रहेकाले सबैले किन्न आवश्यक मानिन्छन् । श्रव्य -दृश्य सामग्रीको महत्त्वलाई बुँदागत रूपमा स्पष्ट पार्न सकिन्छ :

- श्रव्य -दृश्य सामग्रीको राम्रो उत्प्रेरक हो, जसले विद्यार्थीलाई सिक्न प्रेरित गर्दछ ।
- शिक्षणका धारणाहरू स्पष्ट, स्थायी र व्यावहारिक बनाउँछ ।
- नदेखेको वस्तु, घटना, नपुगेको ठाउँ, वातावरण, रहनसहन आदिको बारेमा प्रत्यक्ष जानकारी गराई अमूर्त ज्ञानलाई मूर्त बनाउँछ ।
- विद्यार्थीको एकभन्दा बढी इन्द्रियलाई सजग गराउँछ ।
- शिक्षकलाई आफ्नो पेसाप्रति दृढ बनाई सिकाइलाई प्रभावकारी बनाउँछ ।

- मौखिक सञ्चार सिकाइको माध्यमलाई घटाई विद्यार्थी क्रियाकलाप बाट सिक्दा सिकेको कुरा पछिसम्म सम्भि रहन मद्दत गर्दछ ।

## २.७ स्पर्श सामग्री

स्पर्श सामग्री यस्तो अवस्थामा प्रयोग हुन्छ कि कतिपय अवस्था दृश्य, श्रव्य वा मौखिक कुनै पनि सामग्रीबाट शिक्षण गर्न खोजिएको कुरा प्रष्ट गर्न सकिदैन । यस्तो अवस्थामा सम्बन्धित वस्तुहरूको स्पर्श गराई धारणा दिन सकिन्छ । जस्तै खस्रो, नरम, सारो, गिलो, चिल्लो, चिप्लो, तातो, चिसो, पोल्ने, ठिहिर्‍याउने, झनझनाउने, लेस्याइलो, चिम्टयाइलो, पारिलो आदि । विशेषत : प्रारम्भिक तहका सुरू सुरूमा कक्षाहरूमा यस्ता सामग्रीहरूको उपयोग गर्न सकिन्छ र यस्ता उपायबाट कतिपय अनुभूति जन्य शब्दका धारणा सजिलो एवम् चिरस्थायी तरिकाले दिन सकिन्छ । यसमा चाख्ने (अमिलो, पिरो, तितो, नुनिलो, टर्रो, गुलियो....) अङ्गमा छुवाउने वा टाँस्ने, तान्ने, उचाल्ने, मुसार्ने आदि किसिमका सामग्रीहरूलाई विशेष किसिमले उपयोग गर्न सकिन्छ । खास गरी दोस्रो भाषी विद्यार्थीहरूलाई भाषाका यस प्रकारका अमूर्त धारणा बसाल्न स्पर्श सामग्रीहरूले महत्त्वपूर्ण सहयोग पुर्‍याउन सक्छन् । उच्च कक्षामा भने यस्ता सामग्रीको खासै उपादेयता देखिँदैन (अधिकारी, २०६८ : १५१) ।

## २.८ शिक्षक

शिक्षक आफै पनि एक शिक्षण सामग्री हो । भाषा शिक्षणका क्रममा हाउभाउ, चेष्टा तथा लय, आघात जस्ता भाव अभिव्यक्तिबाट विद्यार्थीलाई ध्यानकर्षण गर्न र प्रभावकारी रूपमा भाषा सिकाउन भाषा शिक्षकको महत्त्वपूर्ण भूमिका रहन्छ । शिक्षण सामग्री विभिन्न प्रकारलाई आवश्यकता अनुरूप प्रयोग, निर्माण तथा सङ्कलन गर्ने महत्त्वपूर्व व्यक्ति नै शिक्षक हो ।

## २.९ शिक्षण सामग्रीका विशेषताहरू

- शिक्षण सामग्री अर्थपूर्ण र उद्‌देश्यपूर्ण हुनु पर्दछ ।
- प्रत्येक पक्षबाट सहि र साधारण किसिमको भई पाठको भावनासँग नजिकको सम्बन्ध राख्ने हुनु पर्दछ ।
- शिक्षण सामग्री सस्तो (कम मूल्यको) अर्थात्, विद्‌यार्थीहरूको क्षमता र स्तर अनुरूपको हुनु पर्दछ ।
- सकेसम्म स्थानीय स्तरमा पाइने सामग्रीहरूको प्रयोग गर्नु पर्दछ, जुन सुधारयुक्त हुनु अति आवश्यक छ । शिक्षण सामग्री विद्‌यार्थीले देख्न सक्ने सफा, शुद्ध र ठुलो हुनु पर्दछ ।
- शिक्षण सामग्री आधुनिक हुनु पर्दछ ।
- शिक्षण सामग्री सरल र सजिलैसँग एक ठाउँबाट अर्को ठाउँमा लान सकिने हुनु पर्दछ ।
- विद्‌यार्थीको मानसिक तहसँग मिल्ने शिक्षण सामग्रीको प्रयोग गर्नु पर्दछ ।
- शिक्षण सामग्रीले सिकारुलाई प्रेरित गर्नु पर्दछ ।

## निष्कर्ष

अतः जुनसुकै पाठ्यक्रममा उद्‌देश्यहरू पुरा गर्नका लागि चाहिने सम्पूर्ण सामग्रीहरूलाई शिक्षण सामग्री भनिन्छ । शिक्षण सामग्रीले प्रत्यक्ष रूपमा शिक्षक र विद्‌यार्थीहरूलाई फाइदा पुऱ्याउँछ । कुनै पनि शिक्षकले कक्षामा गएर सरल, सरस आकर्षक र प्रभावकारी रूपमा पाठ्यक्रमका उद्‌देश्यहरू पुरा गराउन वा विभिन्न विषय वस्तुलाई शिक्षण गर्नका लागि प्रयोग गरिने सामग्रीहरूलाई शिक्षण सामग्रीका रूपमा लिइन्छ ।

शिक्षण सामग्रीहरूलाई मौखिक, श्रव्य, दृश्य, श्रव्य-दृश्य जस्ता नामहरूबाट विभाजन गर्न सकिन्छ । यी शिक्षण सामग्रीको भाषा शिक्षणमा महत्त्वपूर्ण स्थान रहेको हुन्छ । शिक्षण सामग्रीको प्रयोगले जटिल विषय वस्तु, शब्द, अर्थ, भाव आदि कुरालाई समेत प्रष्ट पार्न सहज हुने र आधुनिक युगमा विद्‌यार्थीको भाषिक क्षमता अभिवृद्‌धिका लागि शिक्षण सामग्रीको विकास भएको हुँदा उपयुक्त ढङ्गले प्रयोग गरेमा शिक्षण सामग्रीले

महत्त्वपूर्ण भूमिका खेल्नुका साथै भाषा शिक्षणलाई व्यावहारिक र प्रभावकारी रूपमा अगाडि बढाउन शिक्षण सामग्रीले अति सहयोग पुऱ्याउँछ ।

यसर्थ माथि वर्णित सबै प्रकारका सामग्रीहरू महत्त्वपूर्ण छन् । शिक्षकले पाठको सान्दर्भिकता, विद्यार्थीहरूको स्तर, सामग्रीको सुलभता आदिको ख्याल गरी उपयुक्त सामग्रीहरूको छनोट गरेर शिक्षणमा उपयोग गर्नु पर्छ । हाम्रो जस्तो गरिब मुलुकका सबै ठाउँमा टेलिभिजन, टेपरिकर्डर, चलचित्र प्रक्षेपक आदि महँगा र यान्त्रिक सामग्रीको प्रयोग सम्भव छैन । यस्ता अवस्थामा शिक्षकले स्थानीय तहमा उपलब्ध हुन सक्ने स्वनिर्मित वा सङ्कलित सामग्रीहरूको उपयोग गरेर भए पनि शिक्षणलाई रोचक, आकर्षक र प्रभावकारी बनाउन सधैँ प्रयत्नरत हुनु पर्छ ।

# अध्याय : तिन
# नेपाली शिक्षणमा शिक्षण सामग्रीको वर्तमान स्थिति

## ३.१ परिचय

जुन सुकै विषय शिक्षण गर्दा शिक्षण सामग्री प्रयोगको एकदमै महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । शिक्षण सामग्री प्रयोग बिनाको शिक्षण कार्य अधुरो हुन्छ र सिकाइ कार्य पनि जटिल हुन्छ । नेपाली भाषा पनि अन्य विषय जस्तै एक महत्त्वपूर्ण तथा अनिवार्य विषय भएकाले नेपाली भाषा शिक्षण गर्दा शिक्षण सामग्रीको प्रयोग गर्न अति आवश्यक छ ।

नेपाली भाषा शिक्षण गर्दा शिक्षण सामग्री प्रयोग गर्नु पर्छ भन्ने थाहा भएर पनि विविध कारण बस शिक्षण गर्ने शिक्षकले आवश्यक सामग्री प्रयोग नगरि दिदा नेपाली भाषा शिक्षण पद्दति अपूर्ण देखिन्छ । नेपाली भाषा शिक्षण गर्दा अहिले आएर पनि शिक्षण सामग्रीको प्रयोग गर्ने प्रवृत्ति निकै न्यून रहेको छ । प्राय : अहिलेका शिक्षकहरू पनि परम्परा देखि चल्दै आएको व्याख्यान विधिकै उपयोग गरेर शिक्षण गर्दछन् । यस किसिमको शिक्षणमा विद्यार्थीहरू गौण हुने हुँदा उनीहरू आफूले सिक्नु पर्ने कुरा शिक्षकको व्याख्यानबाट मात्र जे जति सिक्छन त्यतिमा सिमित हुन पुग्दछन् (शर्मा र पौडेल, २०६७ : २६९) ।

पहिलेको तुलनामा हाल केही वर्षदेखि शिक्षण पेशामा अध्यापन अनुमति पत्र लिएको व्यक्तिले मात्र शिक्षण कार्य गर्न पाउने भन्ने नीति शिक्षा क्षेत्रमा भएकाले केही वर्षदेखि शिक्षाशास्त्र सङ्काय पढेकाले मात्र बढी जसो शिक्षण कार्यका लागि अध्यापन अनुमति पत्र लिएका तथा समय समयमा विभिन्न तालिम लिएका व्यक्तिहरू शिक्षण पेशामा लागेको पाइन्छ । यति मात्र नभएर हाल केही वर्ष पहिलेदेखि तह अनुरूप सामुदायिक विद्यालयका शिक्षक शिक्षिकालाई शिक्षकको पेशागत विकास (टी.पी.डी.) दिंदै आएको छ । शिक्षा नै पढेका तथा आवश्यकता अनुरूप समय समयमा हरेक पल्ट तालिम लिए पनि आफूले सिकेका कुराहरू आफ्नो विद्यालयमा आएर व्यावहारमा उतार्न सकेको पाइँदैन । यसो हुनुमा मुख्य रूपमा विद्यालयको आर्थिक अवस्था, अत्यधिक शिक्षण भार र पेशागत

तत्परताको कमी जस्ता असङ्ख्य कारणहरू छन् । जसले गर्दा नै भाषा शिक्षणमा विभिन्न सामग्रीहरूको उपयोग व्यापक रूपमा हुन सकेको अवस्था छैन ।

यति मात्र नभएर यससँग सम्बन्धित शिक्षण संस्थाहरूको पनि यस बारेमा कुनै चासो देखाएको पाइँदैन । सबै विद्यालयको आर्थिक तथा भौतिक अवस्था कमजोर त हुँदैन, आर्थिक तथा भौतिक रूपमा सम्पन्न भएपनि शिक्षण सामग्री प्रयोग सम्बन्धी चासो नदेखाएको पाइन्छ । फलत : विद्यार्थीहरूका लागि सुलभ सामग्री भनेको पाठ्य पुस्तक र उपलब्ध भएका ठाउँमा कालोपाटीको मात्र बढी प्रयोग हुने गरेको पाइन्छ । यसरी हेर्दा नेपाली भाषाको कक्षाका शिक्षण सामग्री उपयोगको अवस्था एकदमै दयनीय नै भएको देखिन्छ ।

## ३.२ विद्यालयमा शिक्षण सामग्री प्रयोगको स्थिति

प्रस्तुत शोध अध्ययनको क्रममा कैलाली जिल्लाका पूर्वी क्षेत्रका बलिया, चुहा र पथरैया गा.वि.स. मा सञ्चालित मा.वि. मध्ये १५ वटा विद्यालयहरू छनोट गरी अध्ययन गरियो । जसमा मा.वि. तहको कक्षा दसमा नेपाली भाषा शिक्षण गर्दा के कस्ता शिक्षण सामग्री प्रयोग गरिन्छन्, । शिक्षण सामग्री प्रयोगको अवस्था के कस्तो छन् भनेर अध्ययन गरियो । साथै शिक्षण प्रयोगमा के कस्ता समस्याहरू छन्, शिक्षकहरूमा तथा सम्बन्धित विद्यालयहरूमा शिक्षण सामग्रीको अवस्थाको बारे अवलोकन पनि गरियो ।

छनोटमा परेका १५ वटा विद्यालयहरूमा अध्ययनकर्ता स्वयम् गई विद्यालयका मा.वि. तह कक्षा दसमा नेपाली शिक्षण गर्ने शिक्षकहरूको शिक्षण सामग्री प्रयोगको अवस्थाको अध्ययनका लागि कक्षा अवलोकन गरियो र विद्यार्थीसँग पनि प्रश्नावली मार्फत तथ्य सङ्कलन गरियो । शिक्षण सामग्रीप्रतिको धारणा राम्रो रहेको विद्यालयमा पनि शिक्षण सामग्री भएता पनि अपुग नै रहेको, राम्रो रहेको विद्यालयमा पनि शिक्षण सामग्री भएता पनि अपुग नै रहेको सामग्री भए पनि शिक्षकले प्रयोग गर्न झन्झट मानेको पाइयो । शिक्षण सामग्रीको महत्त्व बुझेर पनि अपहेलना गरी व्यवस्थित रूपमा मिलाएर नराखेको पाइयो । शिक्षकबाट आफ्नो मन लागेको अवस्थामा मात्र प्रयोग गरेको र मन नलागेको समयमा खालि व्याख्यान विधिबाट शिक्षण गरेको पाइयो ।

१५ वटा विद्यालयका १२ वटा विषय शिक्षकले सामग्री प्रयोगमा ध्यान नदिएको पाइयो । विभिन्न थप तालिमको अभावका कारण शिक्षकहरू शिक्षण सामग्री निर्माण र प्रयोगमा अनविज्ञ रहेको पाइयो । धेरै विद्यालयमा उच्च शिक्षा हासिल गरि सकेका र धेरै वर्ष एउटै कक्षामा शिक्षण गरी सकेका शिक्षक पाइए । तिनले पनि शिक्षण पेशाबाट दिकदारीको र निराशा व्यक्त गरे । शिक्षण सामग्री सम्बन्धी ज्ञान भएर पनि आर्थिक र अन्य कारणले प्रयोग गर्ने वातावरण नरहेको बताए ।

यसर्थ माथिका विविध पक्षले गर्दा नेपाली भाषा शिक्षण अहिलेको अवस्थामा आएर पनि १३ वटा विद्यालयमा निगमन विधिबाट र दैनिक प्रयोग गर्ने सामग्री कालोपाटी, चक, डस्टरको भरमा व्याख्यान विधिको मात्र प्रयोग गरी भाषा शिक्षण गर्ने गरेको पाइयो । पाँच वटा विद्यालयमा त कालोपाटीको समेत प्रयोग नगरी पाठ्य पुस्तकको मात्र प्रयोग गरी शिक्षण गरेको पनि पाइयो । शिक्षण सामग्रीको प्रयोग गर्दा कक्षा शिक्षण प्रभावकारी हुने, अध्ययन अध्यापन सहज हुने, सिकाइ रोचक र उद्देश्यपूर्ण हुने कुरामा त १५ जना शिक्षकहरूको नै धारणा सकारात्मक रहेको पाइयो । तर अवलोकन गर्दा व्यावहारमा ल्याउन नसकेको देखियो । यसका साथै छनोटमा परेका यी विद्यालयमा दिनानुदिन बढ्दै गइ रहेको जनङ्ख्याले गर्दा विद्यालयमा विद्यार्थीहरूको पनि अत्यधिक चाप, भौतिक अवस्था, आर्थिक अवस्था, प्रशासनिक अवस्था, विषयगत तालिमको अभाव जस्ता विभिन्न समस्याहरूले गर्दा विद्यालयमा शिक्षण सामग्रीको प्रयोग उपयुक्त तरिकाले हुन नसकेको स्थिति देखियो ।

## ३.३ विद्यालयमा भएका शिक्षण सामग्रीको अवस्था

यस शोध अध्ययन कार्यलाई पूर्णता दिनका लागि कैलाली जिल्लाका पूर्वी क्षेत्रका बलिया, चुहा र पथरैया गा.वि.स. मा सञ्चालित करिब १५ वटा मा.वि. तहका विद्यालयहरूमा प्रत्यक्ष रूपमा गई नेपाली भाषा शिक्षणमा प्रयोग गरिने शिक्षण सामग्रीको अवस्था अवलोकन गरियो । जसमा छनोटमा परेका १५ वटा विद्यालयहरूमा शिक्षण सामग्रीको अवस्थामा एकरूपता पाइएन । प्रत्येक विद्यालयहरूमा निर्मित सामग्री फलाटिन पाटी, शब्द पत्ती प्रयोगमा समस्या देखिए । यस अनुरूप शोध अध्ययनका लागि कक्षा दसमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको विभिन्न अवस्थालाई बुझ्न छनोट

गरिएका विद्यालयहरूमा देखेको आधारमा प्रत्येक विद्यालयमा भएका शिक्षण सामग्रीको अवस्थालाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ :

अध्ययन कार्यका लागि छानिएका विद्यालयमा दैनिक रूपमा के कस्ता शिक्षण सामग्री प्रयोग भएका छन र विद्यालयमा अन्य के कस्ता सामग्री सङ्कलन गरिएका छन् भन्ने बारे अध्ययन गर्दा १५ वटा विद्यालयमा चक डष्टरको प्रयोग सबैभन्दा बढी प्रयोग गरेको पाइयो । पाठ्य पुस्तकको पनि १५ वटा विद्यालयमा बढी नै प्रयोग गरेको पाइयो । कालोपाटी प्रयोग नभएको विद्यालयमा सेतो पाटी पनि सामान्य रूपमा प्रयोग गरिएको पाइयो ।

छनोटमा रहेका विद्यालयमा अन्य शिक्षण सामग्री प्रयोगको अवस्थाबारे अध्ययन गर्दा शिक्षक निर्मित सामग्री जस्तै : शब्द पत्ती, गोजी तालिका, चित्र पत्ती, वाक्य पत्ती तथा विभिन्न आवश्यक तालिका, चार्ट , १५ वटा विद्यालयमा कमै मात्रामा प्रयोग गरिएको पाइयो । पाठ्य वस्तुले आवश्यक सामग्री खोजे पनि प्राय धेरै शिक्षकले व्याख्यान विधि नै प्रयोग गरी शिक्षण गरेको पाइयो । नेपाली विषयका विभिन्न विधाहरूमा आवश्यक पर्ने थुप्रै शिक्षण सामग्री श्रव्य, दृश्य मध्ये दैनिक रूपमा प्रयोग हुने चक, डस्टर तथा कालोपाटी मात्र विद्यालयमा दैनिक प्रयोग गरेको पाइयो ।

यस्तै अध्ययनकै क्रममा अन्य सङ्कलन गरिएका तथा थप के कस्ता सामग्री छन् भन्ने बारेमा अध्ययन गर्दा प्राय जसो विद्यालयमा गोजितालिका, फलाटिन पाटी, चित्रहरू, वाक्यपत्ती मात्र रहेको पाइयो । रहेका सामग्री पनि एकदमै जीर्ण अवस्थामा रहेकोले पुनः निर्माण गर्नु पर्ने अवस्थामा रहेको पाइयो ।

विद्यालयमा नेपाली विषयलाई सरल तथा कक्षा शिक्षणलाई ज्ञानमूलक बनाउन शिक्षण सामग्री प्रयोग गर्न अति आवश्यक छ । शिक्षण सामग्री प्रयोग नगर्दा कक्षाकार्य तथा सिकाइ प्रभावकारी हुँदैन । त्यसैले छनोटमा परेका विद्यालयमा शिक्षण सामग्रीको अवस्थालाई अध्ययन गर्दा १५ वटा विद्यालयमा आधुनिक शिक्षण सामग्री जस्तैः रेडियो, ग्रामोफोन, टेपरेकर्डर, मोवाइल आदिको प्रयोग नगरेको पाइयो ।

यसर्थ शोध अध्ययनका लागि छनोटमा परेका १५ वटै विद्यालयमा नेपाली भाषा शिक्षणमा शिक्षण सामग्री उपयोगको स्थितिलाई हेर्दा सबै विद्यालयमा चक, डस्टर, पाठ्य पुस्तक र कालोपाटीको अवस्था पनि सबैमा राम्रो पाइएन, मर्मत गर्नु पर्ने पनि देखियो । यस्तै विद्यालयमा शिक्षण सामग्री धेरै छन् आफूले पनि आवश्यक सामग्री निर्माण गर्ने गरेको र पाठ्यवस्तुले मागेका सामग्री प्रयोग गर्छु भनेर जवाफ दिइएको भए पनि विद्यालयमा गई प्रत्यक्ष कक्षा अवलोकन गर्दा व्यवहारमा उतारेको पाइएन ।

विदयालयमा शिक्षण सामग्री छन, छैन भनी अवलोकन गर्दा दैनिक रूपमा प्रयोग हुने शिक्षण सामग्री पर्याप्त मात्रामा नभएको पाइयो । भएका शिक्षण सामग्री उचित रूपमा प्रयोग गर्ने हो भने भाषा शिक्षणका लागि पूर्ण रूपमा नभए पनि आंशिक सामग्री रहेको पाइयो । गोजितालिका, शब्दपत्ती, वाक्य पत्ती, चित्र, व्यङ्ग्यचित्र (कार्टुन) प्रतिमूर्ति, तस्विर, चित्रकथा लगायतका शिक्षण सामग्री प्रयोग गर्न अति आवश्यक रहेतापनि विद्यालयमा कमै मात्रामा प्रयोग गरेको पाइयो ।

## ३.४ भौतिक अवस्था

कुनै पनि विद्यालयका लागि तथा शिक्षण कार्य सुसम्पन्न हुन आर्थिक तथा भौतिक अवस्थाको धेरै महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । विद्यालयका विभिन्न समस्याहरू मध्ये आर्थिक तथा भौतिक अवस्था पनि एक मुख्य समस्याको रूपमा पाइन्छ । भौतिक अवस्था विद्यालयका लागि अति आवश्यक पर्ने तत्त्व पनि हो भने बलियो नरहेको अवस्थामा समस्या पनि हो । विद्यालयका भवन, कोठा, आवश्यकता अनुरूप डेस्क, बेन्च, खेलकुद मैदानदेखि लिएर विद्यार्थीको सङ्ख्या अनुसार भौतिक सुविधा गरिएको छ भने त्यस विद्यालयको आर्थिक तथा भौतिक अवस्था राम्रो भनिन्छ (भण्डारी, २०६८ : २२५) ।

विद्यालयमा आवश्यक मात्रामा आर्थिक तथा भौतिक सुविधाको व्यवस्था नहुनुलाई समस्याको रूपमा मानिन्छ भने यसले सम्पूर्ण शिक्षण कार्यमा प्रभाव पार्दछ । जबसम्म आर्थिक तथा भौतिक अवस्था बलियो हुँदैन तबसम्म विद्यालयमा शिक्षण प्रक्रिया पाठ्य पुस्तकबाट मात्र सञ्चालन हुन्छ । यसरी सञ्चालन भएको कक्षामा विद्यार्थीहरू निरुत्साहित हुन्छन् ।

यसर्थ यस शोध अध्ययन कार्य सम्पन्न गर्न नमुना छनोटमा परेका १५ वटा माध्यमिक विद्यालयमा गएर प्रत्यक्ष रूपमा विद्यालयको आर्थिक तथा भौतिक अवस्थाको बारेमा अवलोकन गरियो । यस अध्ययनका क्रममा सबै विद्यालयमा आर्थिक तथा भौतिक अवस्थामा समान पाइएन । ५ वटा विद्यालयमा आर्थिक तथा भौतिक अवस्था एकदमै न्यून रूपमा रहेको पाइयो भने बाँकी १० वटामा मध्यम खालको पाइयो ।

अध्ययनकै क्रममा छनोटमा परेका विद्यालयमा गएर अध्ययन गर्दा विद्यालयमा नेपाली भाषा शिक्षणगर्ने शिक्षकहरूसँग प्रश्न गर्दा शिक्षण सामग्री प्रयोग गर्नु पर्छ शिक्षण सामग्री प्रयोग गर्दा शिक्षण सिकाइ प्रभावकारी हुन्छ भन्ने कुरा थाहा हुँदा हुदै पनि आर्थिक तथा भौतिक समस्याका कारण हालसम्म पनि नेपाली भाषा शिक्षणमा परम्परागत विधि प्रविधि नै अनुसरण गर्नु परेको कुरा शिक्षकहरूले सहज रूपमा स्वीकार गरेको पाइयो । यसको मुख्य कारण भनेकै विद्यालयको आर्थिक तथा भौतिक अवस्था रहेको यस अध्ययनमा पाइयो ।

अध्ययनका क्रममा छनोटमा परेका विद्यालयका आर्थिक तथा भौतिक अवस्थामा समस्या रहनुका निम्नानुसार कारण रहेको पाइयो :

क) १५ वटा विद्यालयहरू सञ्चालनका लागि अनुमति मात्र पाएको,
ख) पूर्णरूपमा सरकारी दरवन्दीमा शिक्षक नभएको,
ग) कक्षा ६ देखि १० सम्म विद्यार्थीबाट शुल्क उठाएर मात्र विद्यालय सञ्चालन गरिएको,
घ) कक्षा १ देखि १० सम्म पूर्ण सरकारी स्वाभित्वमा सञ्चालन हुन नसकेको,
ङ) निजी स्रोतबाट शिक्षकहरू राखी तलब खुवाउनु पर्ने अवस्था रहेको,
च) विद्यालय भवन र अन्य साधनका लागि अन्य सङ्घ संस्थाको मुख ताकेर बस्नु पर्ने अवस्था रहेको ।

## ३.५ विद्यार्थी सङ्ख्या

कुनै पनि विद्यालयमा विद्यार्थी सङ्ख्याले पनि शिक्षण सामग्री प्रयोगमा ल्याउन ठूलो प्रभाव पारेको पाइन्छ । विद्यार्थी नै नभएमा विद्यालयको कुनै औचित्य नरहने र विद्यार्थी सङ्ख्या बढी भए पनि विद्यालयमा शिक्षण कार्य सम्पन्न गर्न विविध समस्या आइ पर्ने देखिन्छ । विद्यालयमा विद्यार्थी अति आवश्यक हुन् भने विद्यार्थीका लागि विद्यालय पनि महत्त्वपूर्ण मानिएको छ । विद्यालयमा चलेको तह अनुरूप तथा विद्यार्थीको प्रतिकक्षामा आवश्यक पर्ने सङ्ख्या भएन भने पनि विद्यालयको कक्षा उपयुक्त हुँदैन । यदि आवश्यकताभन्दा बढी विद्यार्थी सङ्ख्या भएमा विद्यालयमा विभिन्न समस्या सृजना हुन जान्छ । जस्तै : कक्षा कोठाको समस्या, डेस्क, बेन्च, पुस्तक, खेल मैदान, खेल सामग्री लगायत शिक्षण सामग्री प्रयोग गर्न तथा कक्षा शिक्षणमा उचित मूल्याङ्कन गर्न, गृहकार्य दिन, जाँच गर्न, परीक्षा सञ्चालन गर्न, कापी परीक्षण गर्न लगायत विद्यालयमा सहज रूपमा शान्त पूर्वक शिक्षण कार्य गर्ने गराउने वातावरण तय गर्न कठिन पर्दछ ।

यस अध्ययनमा छनोटमा परेका विद्यालयमा विद्यार्थी सङ्ख्याबारे अध्ययन गर्दा प्रत्येक वर्ष प्रति कक्षामा विद्यार्थी सङ्ख्या वृद्धि हुँदै गरेको पाइयो । शिशु कक्षा देखि १० कक्षा सम्म १५ वटा विद्यालयमा २० हजार विद्यार्थीहरू अध्ययनरत रहेका पाइयो भने कक्षा १० मा मात्र प्रत्येक विद्यालयमा ५० भन्दा बढी नै विद्यार्थी रहेको पाइयो । यहाँ बढी भएका विद्यालयमा कक्षा १० मा १८० सम्म पनि विद्यार्थी अध्ययनरत भएको पाइयो । जसमा शिक्षण कार्य सरल पार्न सेक्सन खोलेको पनि पाइयो । १५ वटा विद्यालयमा कक्षा दसमा मात्र यस वर्ष २५०० (दुई हजार पाँच सय) छात्र - छात्राहरूले नियमित रूपमा अध्ययन गरेको पाइयो ।

तसर्थ विद्यार्थी सङ्ख्यालाई अध्ययन गर्दा यस क्षेत्रमा विद्यार्थीको चाप बढी नै रहेको पाइयो । प्रत्येक वर्ष विद्यार्थी बढ्दै गएको पाइयो । आवश्यकताभन्दा बढी विद्यार्थी भएका कारण सेक्सन खोल्नु परेको र सेक्सन खोलेर पनि विभिन्न समस्याहरू रहेको पाइयो । जस्तै : कक्षाकोठाको, डेस्क, बेन्च, खेलकुद सामग्रीको समस्या देखियो । विद्यार्थी सङ्ख्या बढी भएकै कारण नेपाली भाषा शिक्षणमा प्रयोग गरिने शिक्षण सामग्रीको प्रयोगमा पनि समस्या नै रहेको पाइयो ।

## ३.६ कक्षा कोठाको अवस्था

विद्यार्थी सङ्ख्या पछिको अर्को कक्षाकोठाको अवस्थाले पनि शिक्षण सामग्री प्रयोग गर्न ठुलो प्रभाव पारेको हुन्छ । विद्यार्थी सङ्ख्या बढी भएर कक्षाकोठा निकै साँघुरो भएमा त्यहाँ शिक्षण गर्न र शिक्षण सामग्री प्रयोगमा ल्याउन कठिनाइ पर्दछ । विद्यार्थी सङ्ख्या बढी भएर कक्षाकोठामा विद्यार्थीहरू बस्नका लागि बेन्च, डेस्क, पर्याप्त भएन भने विद्यार्थी शिक्षण सामग्रीबाट लाभान्वित हुन सक्दैनन् । विद्यालयमा उपलब्ध शिक्षण सामग्री प्रयोग गरिएको खण्डमा जति अघि बस्नेले प्रत्यक्ष र स्पष्ट रूपमा अनुभव गर्न सक्छन् त्यति पछाडि बस्नेलाई कठिन हुन्छ । शिक्षण सामग्री प्रयोग गर्न कक्षाकोठामा उचित वातावरणका लागि विद्यार्थी सङ्ख्या अनुरूप डेस्क, बेन्च पनि व्यवस्थित हुनु पर्दछ (अधिकारी २०६७ : ११५) ।

यस शोध अध्ययनसँग सम्बन्धित रहेर कैलाली जिल्ला बलिया, चुहा र पथरैया गा.वि.स. मा सञ्चालित १५ वटा मा.वि. तहमा सामुदायिक विद्यालयमा गइ कक्षा दसमा नै कक्षा अवलोकन गर्दा चुहा र पथरैया गा.वि.स. का भन्दा बलिया गा.वि.स.का १२ वटा विद्यालयमा विद्यार्थीको बढी चाप पाइयो, भने अन्यमा कम पाइयो । छनोटमा परेका विद्यालयहरूमा कक्षा कोठाको अवलोकन गर्दा ४ वटा विद्यालयमा मात्र कक्षा कोठाको अवस्था ठिकै भएको पाइयो । ७ वटा विद्यालयमा त शिक्षण गर्ने कक्षा कोठाको अपुग देखियो । केही विद्यालयमा भवन छानामाथि कर्कट पाता प्रयोग गरिएकोले गर्मीले सताउने र वर्षादको समयमा पानी पर्दा पढाइमा समस्या सृजना भएको पनि पाइयो ।

शोध अध्ययनकै क्रममा १५ वटा विद्यालय मध्ये श्री रा.उ.मा.वि. मोतिपुर, श्री कालिका उ.मा.वि. भुरूवा, श्री रा. नव जागृत उ.मा.वि. हिरापुर चुहा, श्री जनसेवा उ.मा.वि. गणेशपुर र श्री रा.उ.मा.वि. व्यवस्थितनगर बल्चौरमा कक्षाकोठाको अवस्था उपयुक्त पाइयो । अन्य विद्यालयमा सङ्ख्या बढी भए पनि सुधार गर्नु पर्ने देखियो । विद्यार्थीको सङ्ख्या अनुरूप कक्षा कोठा व्यवस्थापन भएका विद्यालयमा राम्रै शिक्षण भएको पाइयो । कक्षा उचित रूपमा व्यवस्थित नभएको विद्यालयमा शिक्षण कार्यमा समस्या रहेको पाइयो । प्रत्येक विद्यालयमा कक्षा कोठाको अवस्था, विद्यार्थी, र डेस्क बेन्चको विवरण यस प्रकार छ :

तालिका : १

विद्यार्थी र कक्षाकोठाको व्यवस्थापन

| क्र. स. | विद्यालयको नाम | विद्यार्थी सङ्ख्या | बेन्च | डेस्क | प्रतिबेन्च विद्यार्थी |
|---|---|---|---|---|---|
| १ | श्री जनसेवा उ.मा.वि. | ६५ | १३ | १३ | ५ |
| २ | श्री रा.उ.मा.वि. | ६० | १२ | १२ | ५ |
| ३ | श्री जन जागृति उ.मा.वि. | ७० | १४ | १४ | ५ |
| ४ | श्री नव जीवन मा.वि. | ४५ | ९ | ९ | ५ |
| ५ | श्री जनता उ.मा.वि. | ६३ | १२ | १२ | ६ |
| ६ | श्री कालिका उ.मा.वि. | ७० | १४ | १४ | ५ |
| ७ | श्री सरस्वती मा.वि. | ७० | १४ | १४ | ५ |
| ८ | श्री रा.उ.मा.वि. | ५५ | ११ | ११ | ५ |
| ९ | श्री सरस्वती मा.वि. | ५५ | ११ | ११ | ५ |
| १० | श्री दिपेन्द्र मा.वि. | ५५ | ११ | ११ | ५ |
| ११ | श्री रा.मा.वि. | ६० | १२ | १२ | ५ |
| १२ | श्री बाल कल्याण मा.वि. | ५५ | ११ | ११ | ५ |
| १३ | श्री राष्ट्रिय नव जागृत उ.मा.वि. | ६५ | १३ | १३ | ५ |
| १४ | श्री हिमालय मा.वि. | ५५ | ११ | ११ | ५ |
| १५ | श्री रा.मा.वि. | ५० | १० | १० | ५ |

उपर्युक्त तालिका १ अनुसार १५ वटै विद्यालयको कक्षा कोठाको अवस्था तथा डेस्क, वेन्च तथा विद्यार्थी सङ्ख्याको बारेमा अध्ययन गर्दा प्रत्येक विद्यालयमा कक्षा अवलोकनका समयमा देखेको विवरण अनुसार ५ वटा विद्यालय बाहेक १० वटा विद्यालयमा विद्यार्थी सङ्ख्या बढी भएकाले सेक्सनमा विभाजन गरेको पाइयो । यस अध्ययनमा पनि सेक्सन भएका विद्यालयमा सेक्सन 'ए' कै अध्ययन गरिएको हो ।

तालिकामा उल्लेख गरे अनुरूप धेरै विद्यालयमा कक्षा कोठाको व्यवस्थापन उत्तम नै देखियो । भवन तथा कक्षा कोठा, राम्रै नै पाइयो । विद्यार्थी सङ्ख्याका आधारमा डेस्क, बेन्च पनि सुलभ नै भएको पाइयो । १४ वटा विद्यालयमा एक बेन्चमा ५/५ जना विद्यार्थी बसेको पाइयो भने १ वटा विद्यालयमा एक बेन्चमा ६ जना पनि बसेको पाइयो । १४ वटा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी शारीरिक रूपमा ठुला भइसकेका हुने हुनाले प्रति बेन्चमा ५/५ जना बसेको भएता पनि बसाइमा विद्यार्थीलाई समस्या रहेको पाइयो ।

प्रत्येक बेन्चमा ४/४ जना मात्र बस्ने व्यवस्था गरेको खण्डमा विद्यार्थीको बसाइ सरल हुने देखिन्छ ।

अन्तमा छनोटमा परेका विद्यालयहरूमा डेस्क, बेन्च विद्यार्थीको उमेर तथा उचाइका आधारमा १० वटा विद्यालयमा मध्यम नै रहेको पाइयो भने ५ वटा विद्यालयमा साना, होचा बेन्च तथा केही मात्रामा मर्मत गर्नु पर्ने पनि यस अध्ययनमा देखियो । उपरोक्त विश्लेषणलाई नियाल्दा सबै विद्यालयमा विद्यार्थी सङ्ख्याका आधारमा डेस्क बेन्चको व्यवस्थापन उपयुक्त नै भएको पाइयो ।

## निष्कर्ष

सुदूरपश्चिमको कैलाली जिल्लाका बलिया, चुहा र पथरैया गा.वि.स. मा सञ्चालित मा.वि. तहमा १५ वटा विद्यालयका कक्षा दसमा नेपाली अध्यापन गर्ने शिक्षकहरूको शिक्षण सामग्री प्रयोगको अवस्थाको अध्ययन गर्दा शिक्षकहरूको भनाइ र गराइमा निकै भिन्नता पाइयो । प्रयोग गर्छु भन्ने शिक्षकको सङ्ख्या १५ जना पाइए पनि कक्षा अवलोकन गर्दा तथा विद्यार्थीलाई पनि प्रश्नावली मार्फत शिक्षण सामग्री प्रयोग गर्ने शिक्षकको सङ्ख्या ५जना रहेको पाइयो ।

अध्ययनका क्रममा प्रत्यक्ष भेट भएका प्रत्येक शिक्षकसँगको कुराकानीमा शिक्षण सामग्री प्रयोग गर्दा कक्षा शिक्षण प्रभावकारी हुन्छ भन्ने धारणा सबै शिक्षकमा पाइयो । शिक्षण सामग्रीको महत्त्व राम्ररी बुझेका भएता पनि प्रयोग नगरेको, भएका पनि अपुग रहेका र सामग्रीको संरक्षण नभएकाले नेपाली भाषा शिक्षण गर्दा पुरानै व्याख्यान विधिबाट र दैनिक रूपमा प्रयोग हुने शिक्षण सामग्री कालोपाटी, चक, डस्टरको भरमा मात्र भाषा शिक्षण गर्ने गरेको पाइयो ।

# अध्याय : चार
# तथ्याङ्कको व्याख्या र विश्लेषण

## ४.१ परिचय

यस शोध अध्ययनको क्रममा सुदूरपशिचमको कैलाली जिल्लाका पूर्वी क्षेत्रका बलिया, चुहा र पथरैया गा.वि.स. मा सञ्चालित १५ वटा मा.वि. तहमा सामुदायिक विद्यालयमा गई कक्षा दसमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूसँग गरिएको शिक्षण सामग्रीको प्रयोग सम्बन्धी जानकारी लिनुको साथै, सोधपुछ, छलफल, कक्षा अवलोकन र विद्यार्थीसँग पनि विविध किसिमका प्रशनावली मार्फत शिक्षण सामग्री प्रयोग बारे जानकारी लिइयो । जसबाट प्राप्त तथ्याङकलाई क्रमशः प्रस्तुत गरिएको छ ।

## ४.२ शिक्षक र विद्यार्थी प्रश्नावलीबाट प्राप्त सूचनाहरूको विश्लेषण

यस शोध अध्ययनमा छनोटमा परेका १५ वटा मा.वि. का कक्षा दसमा शिक्षण गर्ने नेपाली भाषा शिक्षकहरूले शिक्षण गर्दा के कस्तो शिक्षण सामग्री प्रयोग गर्छन् ? सामग्री निमार्णमा के समस्या छन् ? शिक्षण सामग्रीको परिचय, उपयोगको स्थिति, महत्त्व आदि बारे पहिचान गर्न उक्त विषय शिक्षण गर्ने शिक्षकहरूबाट तथ्यहरू सङ्कलन गर्दा शिक्षण सामग्रीकै रूपमा कालोपाटी मात्र भए पनि सबै शिक्षकहरूले प्रयोग गरेको अवस्था पाइयो ।

नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूले प्रश्नावली फारममा भरे अनुरूप १००% शिक्षकहरूले नै कक्षा दसमा नेपाली शिक्षण गर्दा शिक्षण सामग्री प्रयोग गर्ने गरेको पाइयो । प्रश्नावलीको उत्तरमा पाइए पनि कक्षा अवलोकन गर्दा धेरै शिक्षकहरूले दैनिक रूपमा प्रयोगमा आउने चक, डस्टर, कालोपाटीकै बढी प्रयोग गरेको पाइयो । शिक्षक निर्मित सामग्री कमै प्रयोग गरेको देखियो । सबैले शिक्षण सामग्री प्रयोग गर्छु भने तापनि चक, डस्टर र कालोपाटी बाहेक विभिन्न शिक्षण सामग्री शब्दपत्ती, वाक्य पत्ती, गोजितालिका, फलाटिन पाटी, चित्र, तस्विर, लगायत अन्य आवश्यक सामग्रीको उचित प्रयोग भएको पाइएन ।

यस अध्ययनमा मा.वि. तहको कक्षा दसमा नेपाली भाषा शिक्षण गर्दा शिक्षकहरूले पढाइ, लेखाइ, सुनाइ, बोलाइ, शब्दार्थ शिक्षण, वर्णविन्यास शिक्षण, कविता, कथा, जीवनी, मनोवाद, निबन्ध, उच्चारण र व्याकरण आदि विधा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण सामग्रीलाई छुट्टा छुट्टै तालिकीकरण गरी विश्लेषण गरिएको छ :

**क) पढाइ शिक्षणमा शिक्षण सामग्रीको प्रयोग**

कक्षा १० मा विभिन्न विधाहरूलाई पढाएर ज्ञान दिनुलाई पढाइ शिक्षण भनिन्छ । पढाइ विभिन्न किसिमले गर्न सकिन्छ । जस्तै : मौन पढाइ, सस्वर पढाइ आदि । कुनै पनि नेपाली विषयका विधाहरूलाई ठुलो आवाज दिएर तथा सानो वा मौन रूपमा पनि पढन सकिन्छ । पढाइ शिक्षणमा पनि शिक्षण सामग्री प्रयोग गर्न अति आवश्यक हुने भएकाले छनोटमा परेका विद्यालयहरूमा पाइए अनुरूप पढाइ शिक्षणमा, शिक्षण सामग्री प्रयोगको अवस्था यस प्रकार रहेको पाइन्छ :

तालिका : २

पढाइ शिक्षणमा शिक्षण सामग्री प्रयोगको अवस्था

| क्र.स. | शिक्षण सामग्रीको नाम | विद्यालयको सङ्ख्या | प्रयोग गर्ने | प्रयोग नगर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | कालोपाटी | १५ | १२ (८०) | ३ (२०) | |
| २ | निर्मित सामग्री | १५ | ७ (४६) | ८ (५४) | |
| ३ | सहायक पाठ्य सामग्री | १५ | ५ (३३) | १० (६७) | |

नोट : कोष्ठ भित्रको अङ्कले प्रतिशतलाई जनाउँछ ।

उपर्युक्त तालिका २ अनुसार पढाइ शिक्षणमा शिक्षण सामग्रीको प्रयोगको अवस्थालाई अध्ययन गर्दा जम्मा १५ वटा विद्यालय मध्ये १२ वटा विद्यालय ८०% ले कालोपाटीको प्रयोग राम्रोसँग गरेको पाइयो । बाँकी ३ वटा विद्यालय २०% ले कालोपाटी प्रयोग गरेको पाइएन । यसैगरी निर्मित सामग्रीको प्रयोग १५ वटा मध्ये ७ वटा ४६% ले राम्रोसँग प्रयोग गरेको पाइयो भने ८ वटा विद्यालय ५४% ले प्रयोग गरेको पाइएन । सहायक सामग्रीको प्रयोगको अवस्थालाई हेर्दा १५ मध्ये ५ वटा विद्यालय ३३% ले मात्र राम्रोसँग सहायक सामग्री जस्तै : शिक्षक निर्देशिका पाठ्य वस्तुसँग मेल खाने पाठ्य पुस्तक

प्रयोग गरेको पाइयो भने १० वटा विद्यालय ५७% ले सहायक सामग्रीको प्रयोग नगरेको भेटियो ।

यस तथ्यबाट के निष्कर्षमा पुग्न सकिन्छ भने कालोपाटी र निर्मित सामग्री प्रयोगको अवस्था सन्तोषजनक नै छ । जसमा कालोपाटीको प्रयोग उत्तम र निर्मित सामग्रीको अवस्था मध्ययम रहेको छ । तर सहायक सामग्री प्रयोगको अवस्था भने निराशाजनक छ र त्यसको प्रयोग अवस्था पनि न्यून रहेको देखिन्छ । त्यसैले पढाइ शिक्षणगर्दा सामग्री प्रयोगमा जोड दिनु पर्ने देखिन्छ ।

**ख) लेखाइ शिक्षणमा शिक्षण सामग्रीको प्रयोग**

सिकाइका विभिन्न स्वरूप मध्ये लेखाइ सिप पनि एक हो । पढेर, सुनेर मात्र नभएर सिकेको सिप तथा ज्ञानलाई लेखाइ मार्फत् प्रकट गर्नु सिकाइ एक मुख्य पाटोको रूपमा रहन जान्छ । जसमा विभिन्न विधाहरूको बारेमा लेखाइ मार्फत सिक्नु र सिकाउनुलाई लेखाइ शिक्षण भनिन्छ (भण्डारी, २०६८ : २५१) ।

लेखाइ शिक्षण कार्यलाई सरल तथा पूर्ण बनाउन यस कार्यमा पनि शिक्षण सामग्री प्रयोग गर्न अति आवश्यक रहेको देखिन्छ । लेखाइमा प्रयोग हुन आउने शिक्षण सामग्रीमा चक, डस्टर र कालोपाटी मात्र नभएर, विभिन्न श्रुति लेखन, अनुच्छेद लेखन, कठिन वाक्य, शब्द आदि अभ्यास गर्न र आवश्यक सामग्री प्रयोग गर्न अति महत्त्व रहेको देखिन्छ । त्यसैले छनोटमा परेका १५ वटै विद्यालयमा तपसिल बमोजिम लेखाइ शिक्षणमा शिक्षण सामग्री प्रयोग गरेको पाइन्छ :

तालिका : ३

लेखाइ शिक्षणमा प्रयोग सामग्री

| क्र.स. | शिक्षण सामग्रीको नाम | विद्यालयको सङ्ख्या | प्रयोग गर्ने | प्रयोग नगर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | कालोपाटी | १५ | १४ (९३) | १ (७) | |
| २ | पाठ्य पुस्तक | १५ | १२ (८०) | ३ (२०) | |
| ३ | निर्मित सामग्री | १५ | ७ (४६) | ८ (५४) | |
| ४ | सहायक पाठ्य सामग्री | १५ | ५ (३३) | १० (६७) | |

नोट : कोष्ठ भित्रको अङ्कले प्रतिशतलाई जनाउँछ ।

उपर्युक्त तालिका ३ अनुसार लेखाइ शिक्षणमा शिक्षण सामग्रीको प्रयोगको अवस्थालाई अध्ययन गर्दा जम्मा १५ वटा मध्ये १४ वटा विद्यालय ९३% ले कालोपाटीको प्रयोग राम्रोसँग गरेको पाइयो । बाँकी १ वटा विद्यालय मात्र ७% ले कालोपाटी प्रयोग नगरेको पाइयो । यसै गरी पाठ्य पुस्तक प्रयोग सम्बन्धमा १५ वटा विद्यालय मध्ये १२ वटा ८०% ले प्रयोग गरेको पाइयो भने ३ वटा विद्यालय २०% ले प्रयोग नगरेको पाइयो । त्यस्तै निर्मित सामग्री प्रयोगमा १५ वटै विद्यालय मध्ये लेखाइ शिक्षणमा ७ वटा ४६% ले प्रयोग गरेको पाइयो भने ८ वटा ९३% ले प्रयोग नगरेको पाइयो । लेखाइ शिक्षणमा सहायक पाठ्य सामग्री प्रयोगको अवस्था केलाउँदा १५ वटा मध्ये ५ वटा ३३% ले प्रयोग गरेको पाइयो भने १० वटा विद्यालय ६७% ले नगरेको पाइयो ।

उपरोक्त विश्लेषणबाट यो निष्कर्षमा पुग्न सकिन्छ कि लेखाइ शिक्षणमा कालोपाटीको प्रयोगको अवस्था उत्तम छ । पाठ्य पुस्तकको प्रयोग पनि उत्तम नै देखिन्छ । निर्मित सामग्रीको अवस्था र सहायक पाठ्य सामग्री प्रयोगको अवस्था न्यून छ । निर्मित सामग्री प्रयोगमा ध्यान दिनु पर्ने देखिन्छ ।

**ग) सुनाइ शिक्षण गर्दा शिक्षण सामग्रीको प्रयोग**

विद्यार्थीका लागि ज्ञान प्राप्ति गर्ने मध्यामका रूपमा सुनाइ सिप पनि एक मुख्य माध्यम हो । जसमा आफना गुरुबाट विभिन्न शिक्षण कार्यमा प्रयोग हुने सामग्री जस्तै : रेडियो, टि.भी. ग्रामोफोन, मोबाइल आदि बाट सुनेर ज्ञान लिनु नै सुनाइबाट प्राप्त ज्ञान भनिन्छ । जसमा शिक्षण कार्य गर्दा प्रयोगमा आउने शिक्षण सामग्रीलाई नै सुनाइ शिक्षणमा आउने प्रयोग हुने सामग्री भनिन्छ । जस्तै : रेडियो, टिभी. ग्रामोफोन आदि अन्य शिक्षण कार्यमा जस्तै सुनाइ शिक्षणमा पनि शिक्षण सामग्रीको प्रयोग हुन आवश्यक ठानिन्छ । जब शिक्षण सामग्रीको उचित प्रयोग गरिन्छ सुनाइ शिक्षण सफल हुनसक्छ । यसैले छनोटमा परेका विद्यालयहरूको सुनाइ शिक्षणमा प्रयोग भएका शिक्षण सामग्रीको अवस्थालाई यस प्रकार देखाइएको छ :

तालिका : ४

सुनाइ शिक्षणमा प्रयोग भएका सामग्रीको अवस्था

| क्र. स. | शिक्षण सामग्रीको नाम | विद्यालयको सङ्ख्या | प्रयोग गर्ने | प्रयोग नगर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | कालोपाटी | १५ | ९ (६०) | ६ (४०) | |
| २ | पाठ्य पुस्तक | १५ | १५ (१००) | - | |
| ३ | निर्मित सामग्री | १५ | ४ (२६) | ११ (७६) | |

नोट : कोष्ठ भित्रको अङ्कले प्रतिशतलाई जनाउँछ ।

उपर्युक्त तालिका ४ अनुसार सुनाइ शिक्षण गर्दा कक्षा दसमा शिक्षण सामग्रीको प्रयोगको अवस्थालाई अध्ययन गर्दा जम्मा १५ वटा विद्यालय मध्ये ९ वटा विद्यालयमा कालोपाटी ६०% प्रयोग भएको पाइयो । बाँकी ६ वटा विद्यालयमा ४०% ले कालोपाटीको प्रयोग सुनाइ शिक्षणमा नगरेको पाइयो । यसैगरी सुनाइ शिक्षणमा पाठ्य पुस्तकको प्रयोग १५ वटा विद्यालय मध्ये १५ वटैले १००% प्रयोग गरेको पाइयो । साथै निर्मित सामग्रीको प्रयोग १५ वटा मध्ये ४ वटा २६% ले प्रयोग गरेको पाइयो भने बाँकी ११ वटा विद्यालय ७४% ले प्रयोग नगरेको पाइयो ।

यस विश्लेषणबाट के निष्कर्षमा पुग्न सकिन्छ भने सुनाइ शिक्षणमा कालोपाटीको अवस्था मध्यम खालको पाइयो भने कालोपाटीको प्रयोगको अवस्था सबै भन्दा बढी पाइयो भने निर्मित सामग्री प्रयोगको अवस्था न्यून पाइयो । तसर्थ : सुनाइ शिक्षण कार्यमा कालोपाटीको जस्तै निर्मित लगायत आवश्यक शिक्षण सामग्रीको प्रयोग गर्न अति आवश्यक रहेको यस अध्ययनमा देखियो ।

कक्षा दसमा नेपाली भाषा शिक्षणमा सुनाइ शिक्षण कार्य गर्दा कालोपाटी, पाठ्य पुस्तक मात्र नभएर स-साना छोटा मिठा कथा लेखिएका चार्ट, आधुनिक शिक्षण सामग्री जस्तै : रेडियो, मोबाइल, टेपरेकर्डर इत्यादिको प्रयोग गर्नु पर्ने आवश्यकता छ ।

**घ) शब्दार्थ शिक्षण गर्दा शिक्षण सामग्रीको प्रयोग**

नेपाली विषयको शिक्षण एक भाषा शिक्षण हो । जसमा अनिवार्य रूपमा पढनु पर्ने विषयका रूपमा कक्षा दसमा राखिएको छ । सबै विद्यार्थीहरू एउटै भाषिकाका हुँदैनन्

विभिन्न मातृभाषा भएका विद्यार्थीहरू अध्ययन गर्न आएका हुन्छन् । त्यसैले सबैले सरल रूपमा नेपाली भाषाको शब्द बुझ्न कठिन पर्दछ । तसर्थ शब्दार्थ शिक्षण गराउनु पर्ने हुन्छ ।

यस अध्ययनमा छनोटमा परेका विद्यालयमा नेपाली भाषा शिक्षकले शब्दार्थ शिक्षण कार्यमा के कस्ता शिक्षण सामग्री प्रयोग गरेका छन भनी अध्ययन गर्दा उक्त विद्यालयमा तपसिल बमोजिमका शिक्षण सामग्री प्रयोग गरेको पाइन्छ :-

तालिका : ५

शब्दार्थ शिक्षणमा शिक्षण सामग्रीको प्रयोग

| क्र. स. | शिक्षण सामग्रीको नाम | विद्यालयको सङ्ख्या | प्रयोग गर्ने | प्रयोग नगर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | कालोपाटी | १५ | १५ (१००) | - | |
| २ | पाठ्य पुस्तक | १५ | १५ (१००) | - | |
| ३ | निर्मित सामग्री | १५ | ५ (३३) | १० (६७) | |

नोट : कोष्ठ भित्रको अङ्कले प्रतिशतलाई जनाउँछ ।

उपर्युक्त तालिका ५ अनुसार शब्दार्थ शिक्षणमा शिक्षण सामग्री प्रयोगको अवस्थालाई अध्ययन गर्दा छनोटमा परेका १५ वटा विद्यालय मध्ये १५ वटै विद्यालयले कालोपाटीको प्रयोग १००% प्रयोग गरेको पाइयो । त्यसै गरी शब्दार्थ शिक्षणमा पाठ्य पुस्तकको प्रयोग पनि जम्मा १५ वटै विद्यालयले १००% प्रयोग गरेको पाइयो । निर्मित सामग्री प्रयोगको अवस्थामा भने जम्मा १५ वटा मध्ये ५ वटा विद्यालयले मात्र ३३% प्रयोग गरेको पाइयो । भने १० वटा विद्यालयले ६७% प्रयोग नगरेको पाइयो ।

यस तथ्यबाट के निष्कर्षमा पुग्न सकिन्छ भने कालोपाटी र पाठ्य पुस्तकको प्रयोग सन्तोषजनक तथा प्रयोगको अवस्थामा उत्तम नै छ भने निर्मित सामग्रीको प्रयोगको अवस्थामा भने निराशाजनक छ । त्यसैले थप शिक्षण सामग्री प्रयोगमा जोड दिनु पर्ने देखिन्छ ।

नेपाली भाषामा शब्दार्थ शिक्षणमा शिक्षण कार्यलाई सरल पार्न निर्मित सामग्री बढीभन्दा बढी प्रयोग हुन आवश्यक भएपनि १५ वटा विद्यालयमा न्यून नै पाइयो । शिक्षकद्वारा निर्मित गरिएका तथा सङ्कलन गरिएका कम मूल्य पर्ने शिक्षण सामग्री नै निर्मित सामग्री हुन् भनेर यस शोध कार्यमा भन्न खोजिएको हो । जस्तै : शब्द पत्ती, कठिन

शब्दहरूको शब्दसूची लगायतका विभिन्न शिक्षण सामग्री निर्मित सामग्री मानिन्छ । शब्दार्थ शिक्षणमा आवश्यक शिक्षण सामग्रीमा निर्मित सामग्रीको प्रयोग हुन अति आवश्यक र महत्त्व रहेको निष्कर्ष प्राप्त हुन्छ ।

### ङ) वर्ण विन्यास तथा लेख्य चिह्न प्रयोग गर्दा शिक्षण सामग्रीको प्रयोग

नेपाली भाषामा शुद्ध लेख्न, बोल्न र भाषालाई आवश्यक परेको समयमा प्रयोग गर्न, वर्ण विन्यास तथा लेख्य चिह्नमा धेरै ध्यान दिनु पर्दछ । नेपाली भाषालाई शुद्ध लेख्न सिकाउनु र कुन अवस्थामा कहाँ कसरी लेख्य चिह्न प्रयोग गरिन्छन्, भनेर शिक्षण गर्नु गराउनु नै वर्ण विन्यास तथा लेख्य चिह्न सम्बन्धीको शिक्षण भनिन्छ (भट्टराई र ढुङ्गेल, २०६८ : १२५) ।

वर्ण विन्यास तथा लेख्य चिह्नमा पनि आवश्यक ज्ञान दिन यसको बारेमा शिक्षण गर्न आवश्यक देखिन्छ । जसमा सिकाइ र शिक्षणलाई सरल पार्न आवश्यक शिक्षण सामग्री प्रयोग गर्न अति आवश्यक देखिन्छ । यसैले अध्ययनमा छनोटमा परेको १५ वटै विद्यालयमा वर्ण विन्यास तथा लेख्यचिह्न प्रयोग सम्बन्धी के कस्ता शिक्षण सामग्री प्रयोग भएका छन् भन्नेबारे शोध कार्यमा गरिएको अध्ययन कार्यमा पाइएका विवरणलाई तल तालिकामा देखाइएको छ :

तालिका : ६

वर्ण विन्यास तथा लेख्य चिह्नमा शिक्षण सामग्री प्रयोगको अवस्था

| क्र. स. | शिक्षण सामग्रीको नाम | विद्यालयको सङ्ख्या | प्रयोग गर्ने | प्रयोग नगर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | कालोपाटी | १५ | १५ (१००) | – | |
| २ | पाठ्य पुस्तक | १५ | १२ (८०) | ३ (२०) | |
| ३ | निर्मित सामग्री | १५ | ४ (२६) | ११ (७६) | |

नोट : कोष्ठ भित्रको अङ्कले प्रतिशतलाई जनाउँछ ।

उपर्युक्त तालिका ६ अनुसार वर्ण विन्यास तथा लेख्य चिह्न प्रयोग शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको बारेमा अध्ययन गर्दा जम्मा १५ वटा विद्यालय मध्ये कालोपाटीको प्रयोग १५ वटै १००% ले प्रयोग गरेको पाइयो । यस्तै पाठ्य पुस्तकको प्रयोग बारे अध्ययन गर्दा जम्मा १५ वटा विद्यालय मध्ये १२ वटा ८०% ले प्रयोग गरेको पाइयो ।

३ वटा विद्यालय २०% ले पाठ्य पुस्तकको प्रयोग नगरेको पाइयो । यस्तै वर्ण विन्यास तथा लेख्य चिह्नको प्रयोग शिक्षण गर्दा निर्मित सामग्रीका रूपमा १५ वटा विद्यालय मध्ये ४ वटा मात्र २६% ले प्रयोग गरेको पाइयो भने ११ वटा विद्यालय ७४% ले शिक्षण सामग्रीको प्रयोग नगरेको पाइयो ।

यस विश्लेषणबाट के निष्कर्षमा पुग्न सकिन्छ भने कालोपाटीको प्रयोग सबै विद्यालयमा राम्रो छ । प्रयोगको अवस्थालाई नियाल्दा उत्तम मानिन्छ । त्यस्तै पाठ्य पुस्तकको प्रयोगको अवस्थालाई सन्तोषजनक अवस्थाका रूपमा रहेको पाइयो । निर्मित सामग्रीमा भने निराशाजनक पाइयो ।

वर्ण विन्यास तथा लेख्य चिह्नमा अन्यभन्दा निर्मित सामग्रीको प्रयोग गर्न पनि अति आवश्यक रहेको देखिन्छ । जसमा छनोटमा परेका १५ वटा विद्यालयमा न्यून पाइए पनि निर्मित शिक्षण सामग्री प्रयोगमा बढी ध्यान दिन आवश्यक ठानियो । जस्तै : विभिन्न ह्रस्व, दीर्घ, बुझाउने शब्द, वाक्य तथा अनुच्छेद आदिलाई शब्द, पत्तीमा, वाक्य पत्तीमा तथा अनुच्छेद चार्टमा लेखी देखाउन आवश्यक रहेको र विभिन्न लेख्य चिह्न जस्तै : प्रश्नवाचक, पूर्ण विराम, उद्धरण चिह्न, कोष्ठक, योजक, विश्मयाधिक बोधक लगायत् विविध चिह्न प्रयोग भएका अवस्था देखाइ शिक्षण कार्यमा सुधार ल्याउँन तथा ज्ञान दिनुका साथै शिक्षण सामग्री प्रयोगमा ध्यान दिनु पर्ने यस अध्ययनमा निष्कर्ष निकालिएको छ ।

**च) विधा शिक्षणमा शिक्षण सामग्रीको प्रयोग**

नेपाली भाषा विषयमा समाविष्ट विभिन्न विधाहरूको शिक्षण गर्दा सिकाइ कार्यलाई सरल तुल्याउन विधा अनुरूप तथा आवश्यक सामग्री प्रयोग गर्न अति नै आवश्यक रहेको देखिन्छ । जुनसुकै विधा शिक्षण गर्दा शिक्षण सामग्रीको प्रयोग नगरेको खण्डमा शिक्षण कार्य सन्तोषजनक तथा सफल भएको मानिदैन ।

नेपाली भाषा शिक्षणमा विभिन्न विधाहरूको शिक्षण कार्यमा छनोटमा परेका विद्यालयहरूमा के कस्ता शिक्षण सामग्री प्रयोग भएका छन भनी अध्ययन गर्दा १५ वटै विद्यालयमा विभिन्न विधाहरूमा फरक फरक शिक्षण सामग्री प्रयोग गर्ने गरेको यसमा पाइयो । विधा शिक्षण भन्नाले यस अध्ययनमा कथा, कविता, जीवनी, आदिलाई मुख्य

मानिएको छ । यसैले विभिन्न विधाहरूको शिक्षणकार्यमा छनोटमा परेका विद्‌यालयमा प्रत्यक्ष रूपमा कक्षा अवलोकन, शिक्षण सामग्रीको अवस्थालाई तपसिल बमोजिम देखाउन खोजिएको छ :

तालिका : ७

विधागत शिक्षणमा शिक्षण सामग्री प्रयोगको अवस्था

| क्र. स. | शिक्षण सामग्रीको नाम | विधा | विद्‌यालयको सङ्ख्या | प्रयोग गर्ने | प्रयोग नगर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कालोपाटी | कथा | १५ | १२ (८०) | ३ (२०) | |
| | | कविता | १५ | १० (७५) | ५ (२५) | |
| | | जीवनी | १५ | १२ (८०) | ३(२०) | |
| २ | साहयक पाठ्‌य सामग्री | कथा | १५ | १२ (८०) | ३ २०) | |
| | | कविता | १५ | १३ (८५) | २ (१५) | |
| | | जीवनी | १५ | १० (७५) | ५ (२५) | |
| ३ | निर्मित सामग्री | कथा | १५ | १० ७५) | ५ २५) | |
| | | कविता | १५ | १३ (८५) | २ (१५) | |
| | | जीवनी | १५ | १२ (८०) | ३ (२०) | |

नोट : कोष्ठ भित्रको अङ्कले प्रतिशतलाई जनाउँछ ।

उपर्युक्त तालिका ७ अनुसार विविध विधाहरू शिक्षणमा शिक्षण सामग्री प्रयोगको अवस्थालाई अध्ययन गर्दा छनोटमा परेका जम्मा १५ विद्‌यालय मध्ये कालोपाटीको प्रयोग १२ वटा विद्‌यालय ८०% ले गरेको पाइयो भने ३ वटा २०% ले कालोपाटीको प्रयोग नगरेको पाइयो । त्यस्तै सहायक पाठ्‌य सामग्री प्रयोगमा जम्मा १५ वटा विद्‌यालय मध्ये कालोपाटीको प्रयोग पनि १२ वटा ८०% ले प्रयोग गरेको र ३ वटा २०% ले प्रयोग नगरेको पाइयो । त्यस्तै निर्मित सामग्री प्रयोगमा जम्मा १५ वटा मध्ये १० वटा ७५% ले प्रयोग गरेको पाइयो भने ५ वटा २५% ले प्रयोग नगरेको पाइयो ।

त्यस्तै कविता शिक्षणमा कालोपाटीको प्रयोग १५ वटा मध्ये १० वटा ७५% ले प्रयोग गरेको पाइयो भने ५ वटा २५% ले प्रयोग नगरेको पाइयो । यस्तै सहायक पाठ्‌य सामग्री र निर्मित सामग्रीमा कविता शिक्षणमा क्रमशः १५ मध्ये १३ वटाले ८५% र १३ ले वटा ८५% ले र २/२ वटा १५%/१५% ले प्रयोग नगरेको पाइयो ।

अध्ययनकै क्रममा जीवनी शिक्षणमा क्रमशः कालोपाटीको प्रयोग १५ मा १२ जसमा ८०% ले प्रयोग गरेको र ३ वटा २०% ले प्रयोग नगरेको पाइयो । सहायक पाठ्य सामग्री प्रयोगमा १५ मध्ये १० वटा ७५% ले प्रयोग गरेको र ५ वटा २५% ले प्रयोग नगरेको पाइयो । साथै निर्मित सामग्रीमा जम्मा १५ वटा मध्ये १२ वटा ८०% ले प्रयोग गरेको र ३ वटा २०% ले प्रयोग नगरेको यस अध्ययनमा पाइयो ।

यस विश्लेषणबाट के निष्कर्षमा पुगिन्छ भने नेपाली विषयमा विभिन्न विधाहरू शिक्षण हुने गर्दछन् जस मध्ये मुख्य तथा कथा, कविता र जीवनी शिक्षणमा सबैमा कालोपाटीको प्रयोग सबैभन्दा बढी प्रयोग भएको देखियो । त्यसै सहायक पाठ्य सामग्रीमा पनि अवस्था मध्यम खालको देखियो भने सबै विधामा निर्मित सामग्रीको प्रयोगको अवस्था न्यून नै रहेको पाइयो ।

यसर्थ कालोपाटी, सहायक पाठ्य सामग्री मात्र नभएर सबैभन्दा बढी निर्मित सामग्रीको प्रयोग हुन आवश्यक छ । शिक्षकद्वारा निर्मित सामग्री जस्तै : कविता, जीवनी, शिक्षण गर्दा कवि तथा जीवनी कर्ताको तस्विर विभिन्न कथाका मुख्य पात्रहरूको तस्विर लगायत शब्द पत्ती, वाक्य पत्ती, अनुच्छेदका, नमुना लगायत् थुप्रै आवश्यक शिक्षण सामग्रीको प्रयोग हुन र उक्त सामग्री प्रयोगमा भाषा शिक्षकले ध्यान पुऱ्याउन आवश्यक रहेको यस अध्ययनले निष्कर्ष निकालेको छ ।

**छ) निर्मित शिक्षण सामग्री प्रयोगको अवस्था**

कक्षा दसको नेपाली शिक्षणमा विभिन्न शिक्षण सामग्री प्रयोग गर्न जरूरी रहेको हुन्छ । जसमा निर्मित सामग्री पनि एक महत्त्व पूर्ण सामग्रीका रूपमा रहेका छन् । सामान्यतः निर्मित सामग्री भन्नाले शिक्षकद्वारा निर्माण गरिएका तथा सङ्कलन गरिएका सामग्रीलाई भनिन्छ । नेपाली भाषाका सम्बन्धमा भन्नु पर्दा शब्द पत्ती, वाक्य पत्ती, तस्विर, विविध चार्ट, गोजितालिका, फलाटिन पाटी, आदिलाई निर्मित सामग्रीका रूपमा लिन सकिन्छ (अधिकारी, २०६७ : १२०) ।

अन्य शिक्षण सामग्रीले झैं निर्मित शिक्षण सामग्रीले पनि नेपाली भाषा शिक्षण कार्यमा ठुलो टेवा पुग्ने देखिन्छ । यसैले यस शोध अध्ययन कार्यमा पनि छनोटमा परेका

विद्यालयमा के कस्ता निर्मित शिक्षण सामग्री प्रयोग भएका छन् भनी अध्ययन गर्दा अन्य सामग्रीको तुलनामा न्यून रूपमा  प्रयोग गरेको पाइयो । १२ वटा विद्यालयमा त निर्मित सामग्री कुनै पनि प्रयोग नगरी खाली व्याख्यान विधिका आधारमा मात्र शिक्षण कार्य अगाडि बढाइएको पाइयो । निर्मित सामग्रीप्रति ज्ञान तथा महत्त्व बुझेका शिक्षक भएपनि १० जनाले रुचि नदेखाएको पाइयो । शिक्षकसँगको भेटमा तथा प्रश्नावली को जवाफमा १५ जनाले निर्मित शिक्षण सामग्री प्रयोग गर्छु भने पनि कक्षा अवलोकनमा १० जनाले प्रयोग गरेको पाइएन ।

## ४.३ कक्षा अवलोकनबाट प्राप्त सूचनाहरूको व्याख्या विश्लेषण

यस अध्ययनमा परेका १५ वटा विद्यालयमा गएर कक्षा दसमा फरक फरक विद्यालयका कक्षामा कक्षा समयमा बसी स्वयम् कक्षा अवलोकन गर्दा कक्षा शिक्षणका समयमा शिक्षकले प्रयोग गरेका शिक्षण सामग्रीका बारेमा प्रत्यक्ष रूपमा अवलोकन गर्दा कक्षा १० दसमा नेपाली भाषा शिक्षणको समयमा शिक्षकले विविध लेखन, व्याकरण, शिक्षण, प्रश्नोत्तर तथा विविध विधाहरूको व्याख्या र विश्लेषण आदि कार्यकलापहरू कक्षा शिक्षकले गरेको पाइयो । उक्त कार्यकलाप गर्दा शिक्षकले प्रयोग गरेका शिक्षण सामग्रीहरूको प्रत्यक्ष रूपमा अवलोकन गरी व्याख्या र विश्लेषण गरिएको छ ।

नेपाली भाषा शिक्षण कर्ता शिक्षकले विविध लेखन कार्य गर्दा कालोपाटीको मध्यम प्रयोग गरेको साथै अन्य सामग्री न्यून रूपमा प्रयोग गरेको भेटियो । विविध लेखन कार्य जस्तै : श्रुतिलेखन, प्रतिवेदन, चिठी, अनुच्छेद लेखन आदि कार्य गराउँदा बढी कालोपाटीकै प्रयोग गरेको पाइयो ।

यस्तै यस अध्ययनकै क्रममा व्याकरण शिक्षण सम्बन्धी पनि के कस्ता शिक्षण सामग्रीको प्रयोग गरिन्छ भनी छनोटमा परेका विद्यालयमा गई कक्षा अवलोकन गर्दा १५ जना मध्ये १५ जना शिक्षकहरूले पाठ्य पुस्तककै प्रयोग गरेको पाइयो । त्यस्तै कालोपाटी मध्यम रूपमा र सबैभन्दा न्यून निर्मित सामग्रीका रूपमा प्रयोग गर्ने गरेको यस अध्ययनमा पाइयो ।

यस अध्ययनकै क्रममा प्रश्नोत्तर कार्यमा के कस्ता शिक्षण सामग्रीको प्रयोग गरिन्छ भनी अध्ययन गर्दा सबैभन्दा पाठ्य पुस्तककै प्रयोग गर्ने गरेको पाइयो । कालोपाटीको पनि प्रयोग गरेको पाइयो भने अन्य निर्मित लगायत् थप शिक्षण सामग्रीमा ध्यान नदिएको पाइयो ।

विभिन्न विधाको व्याख्या विश्लेषण गर्न क्रममा शिक्षण सामग्री प्रयोगको अवस्थालाई केलाउँदा यस अध्ययनमा १५ वटै विद्यालयमा कथा, कविता, जीवनी, मनोवाद निबन्ध लगायतका विधामा सबैभन्दा बढी शिक्षण सामग्रीका रूपमा पाठ्य पुस्तक नै प्रयोग गरेको पाइयो । अन्य सामग्रीमा कालोपाटी पनि प्रयोग गरेको भेटियो भने अन्य थप सामग्री प्रयोग एकदमै न्यून अवस्था रहेको यस अध्ययन कार्यमा पाइयो ।

यसर्थ माध्यमिक तहमा पनि भाषिक विकास गर्न, विभिन्न कविता, जीवनी, कथा, मनोवाद, निबन्ध तथा व्याकरण सम्बन्धी ज्ञान दिन व्याख्या गर्दा विधाले मागे अनुरूप आवश्यक शिक्षण सामग्री प्रयोग गर्नु पर्दछ । शिक्षकले दैनिक रूपमा आवश्यक शिक्षण सामग्री प्रयोग गरी शिक्षण गर्दछ, शिक्षण कार्य सफल र सिकाइ सफल बन्दछ । मा.वि. तहको कक्षा दसमा विभिन्न कविता, जीवनी, कथा, मनोवाद, निबन्ध विधाहरूको शिक्षण भइ रहेको समयमा कक्षा अवलोकन गर्दा धेरै जसो शिक्षकहरूले प्रश्नावली फारममा उल्लेख गरे अनुरूपको व्यावहारमा तथा शिक्षण सामग्री प्रयोगमा पाइएन । शिक्षण सामग्री प्रयोग गर्छु भने पनि अन्य शिक्षण सामग्रीको प्रयोग कम नै गरेको देखियो । सबैभन्दा बढी पाठ्य पुस्तक र कालोपाटी चक, डस्टर नै प्रयोग गरेको पाइयो । शिक्षक द्वारा निर्मित सामग्री एकदमै कम प्रयोग गरेको पाइयो । शिक्षकको भनाइ र वास्तविक गराइमा एकदमै फरक रहेको यस अध्ययन मार्फत् भेटाइयो ।

## ४.४ विद्यार्थीबाट प्राप्त सूचनाहरूको विश्लेषण

छनोटमा परेका विद्यालयका विद्यार्थीसँग प्रत्यक्ष रूपमा सोधिएका प्रश्नावलीको उत्तर  मुख्य आधार ठानी यो अध्ययन गरिएको छ । जस अनुरूप कैलाली जिल्लाका पूर्वी क्षेत्रका बलिया, चुहा र पथरैया गा.वि.स. मा सञ्चालित १५ वटा विभिन्न मा.वि. तहका विद्यालयहरू छनोट गरे पश्चात् उक्त विद्यालयहरूमा हाल कक्षा दसमा अध्ययनरत

विद्यार्थी उच्च, मध्यम र निम्न वर्ग पर्ने गरी प्रत्येक विद्यालयबाट तिन तिन जना पर्ने गरी शिक्षण सामग्री प्रयोगको बारेमा उनीहरूसँग प्रश्नावली सोधिएको थियो । जसमा एक विद्यालयका ३ जना पर्ने गरी विद्यार्थीलाई नेपाली शिक्षण गर्ने शिक्षकबाट शिक्षण सामग्री प्रयोग गर्ने, नगर्ने, दैनिक रूपमा प्रयोग गर्ने नगर्ने के कस्ता शिक्षण सामग्री छन् ? जस्ता प्रश्नावलीका आधारमा १५ वटै विद्यालयका ४५ जनासँग प्रशनावली फारम मार्फत् विविध जानकारी लिइएको थियो ।

विद्यार्थीसँग शिक्षण सामग्री प्रयोगको अवस्थाबारे प्रश्न गर्दा क्रममा १० विद्यालयका विद्यार्थीबाट सामान्य रूपमा प्रयोग गर्ने गरेको जवाफ पाइयो । १५ विद्यालयका शिक्षकबाट दैनिक शिक्षण सामग्री प्रयोग गरिन्छ भने पनि परम्परागत शैलीमा व्याख्यान विधि अपनाई कालोपाटी, चक, डस्टर तथा पाठ्य पुस्तकनै आफ्ना शिक्षकहरूले प्रयोग गर्ने गरेको धारणा व्यक्त गरेको यस अध्ययनमा पाइयो । अन्य शिक्षण सामग्री आफ्ना शिक्षकले कहिले काहीँ मात्र प्रयोग गर्ने गरेको विद्यार्थीद्वारा अवगत भएको छ ।

यस शोध अध्ययन कार्यमा छनोटमा परेका १५ वटै विद्यालयमा कक्षा शिक्षणमा शिक्षकहरूले के कस्ता शिक्षण सामग्री प्रयोग गर्छन् भन्ने विविध जानकारी प्राप्त गर्नका लागि विभिन्न चरण मध्ये विद्यार्थी मार्फत् पनि शिक्षण सामग्री प्रयोगको अवस्थालाई अध्ययन गर्दा निम्नानुसार रहेको पाइएको छ :

यस अध्ययनमा छनोटमा परेका १५ विद्यालयमा शिक्षण गर्ने शिक्षकहरूले शिक्षण सामग्रीका रूपमा कालोपाटी, चक, डस्टर, नै सबै भन्दा बढी प्रयोग गरेको पाइयो । २ वटा विद्यालयमा कालोपाटीको सट्टामा मार्कर पाटीको प्रयोग गरेको पनि पाइयो । कालोपाटीको अवस्थालाई अध्ययन गर्दा उत्तम पाइयो । ४ वटा विद्यालयमा कालोपाटीको मर्मत गर्नु पर्ने पनि देखियो ।

शिक्षण सामग्री प्रयोगको स्थितिलाई केलाउँदा दोस्रो बढी सबै विद्यालमा प्रयोग हुँदै आएको शिक्षण सामग्री पाठ्य पुस्तक नै रहेको पाइयो । १५ वटै विद्यालयमा भाषा शिक्षण गर्ने शिक्षकले पाठ्य पुस्तक नै बढी प्रयोग गरेको तथ्य यस अध्ययन मार्फत् पाइयो ।

सहायक पाठ्य सामग्री प्रयोगबारे अध्ययन गर्दा ९ वटा विद्यालयमा प्रयोगको अवस्था न्यून रहेको छ । ६ वटा बाहेक सहायक पाठ्य पुस्तकको प्रयोगमा शिक्षकहरूले ध्यान दिएको पाइएन । अन्य शिक्षण सामग्री झैँ सहायक पाठ्य पुस्तकको पनि समय समयमा आवश्यकता हेरी प्रयोग गर्नुमा ध्यान दिन आवश्यक छ तर भाषा शिक्षकले प्रयोग नगरेको पाइयो । त्यस्तै निर्मित सामग्रीको बारेमा अध्ययन गर्दा १५ वटै विद्यालयमा नेपाली शिक्षण गर्ने शिक्षकले एकदमै न्यून रूपमा प्रयोग गरेको पाइयो । कुनै पनि विधाको शिक्षण कार्यमा अन्य शिक्षण सामग्रीमध्ये निर्मित सामग्रीको प्रयोग हुन अति आवश्यक भएपनि शिक्षकहरूले कम प्रयोग गरेको यस शोध कार्यमा देखियो ।

यसर्थ यस अध्ययन कार्यमा शिक्षण सामग्री प्रयोगको अवस्थालाई केलाउनका लागि तथा सत्य तथ्य विवरण प्रस्तुत गर्नका लागि विद्यार्थीसँग सोधिएका प्रश्नावलीमा प्राप्त सूचनाका आधारले प्राय शिक्षकले कालोपाटी, चक डस्टर र पाठ्य पुस्तककै बढी प्रयोग गरेको जवाफ पाइयो भने सहायक तथा निर्मित शिक्षण सामग्री कमै मात्रामा उपयोग गर्ने गरेको यस अध्ययन कार्यमा तथ्य भेटियो ।

निर्मित शिक्षण सामग्री भन्नाले यस अध्ययनमा नेपाली शिक्षण गर्ने शिक्षकले विभिन्न समयमा विविध विधाको शिक्षण कार्यलाई प्रभावकारी तथा सरल तुल्याउनका लागि आफै निर्माण र सङ्कलन गरेकालाई भनिएको छ । जस्तै : शब्द पत्ती, वाक्य पत्ती, गोजितालिका तस्विर , चार्ट, अनुच्छेद, लेखनका चार्ट, आदि । शिक्षण कार्य सबल तुल्याउन पाठ्य पुस्तक, कालोपाटी मात्र नभई निर्मित शिक्षण सामग्रीको प्रयोमा कमी हुन दिनु हुँदैन यसमा बढी ध्यान दिन र शिक्षक सक्रिय हुन आवश्यक रहेको निष्कर्ष प्राप्त भएको छ ।

## निष्कर्ष

निष्कर्षमा भन्नु पर्दा शिक्षण सामग्रीको प्रयोग गर्छु भन्ने शिक्षकहरू धेरै पाइए पनि कक्षा अवलोकन नै गर्दा भने आवश्यक शिक्षण सामग्री प्रयोग गर्ने शिक्षकहरू कम नै पाइए । अध्ययनकै क्रममा शिक्षण सामग्री प्रति राम्रो धारणा रहेका विद्यालय पनि भेटिए । शिक्षण सामग्री धेरै भए पनि अपुग नै देखिए, शिक्षण सामग्री भए पनि शिक्षण कार्यमा प्रयोग नगरेको पाइयो । सामग्रीको संरक्षणमा विद्यालय तथा विषय शिक्षकले ध्यान खासै

नदिएको पाइयो । प्रश्नावली फारमको सूचना विश्लेषण र कक्षा अवलोकन तथा विद्यार्थीसँग सोधिएका प्रश्नावलीबाट प्राप्त सूचना विश्लेषण गर्ने हो भने तिन वटैमा निकै अन्तर पाइयो । शिक्षकहको भनाइ र गराइमा एक रूपता देखिएको पाइएन । सामान्य रूपमा हेर्दा कालोपाटीको प्रयोग गर्ने भने पनि यथार्थ रूपमा कक्षामा शिक्षण सामग्रीको प्रयोग गरेको देखिएन । अधिकांश शिक्षकहरूले हालसम्म पनि चक, डस्टरको भरमा पुरानै व्यख्यान विधि प्रयोग गरी नेपाली भाषा शिक्षण गर्ने गरेको पाइयो ।

यसर्थ शिक्षण पेशामा लागि सकेपछि बोलीमा मात्र नभएर शिक्षण सामग्री प्रयोगलाई व्यावहारमा उतार्न ध्यान दिन आवश्यक देखिन्छ । जुन शिक्षकले आवश्यक शिक्षण सामग्री आफ्नो दैनिक शिक्षण कार्यमा प्रयोग गर्दछन् उक्त शिक्षक असल शिक्षक हुनुका साथै सिकाइ कार्य सफल हुन जान्छ । कालोपाटी, चक, डस्टर मात्र नभएर प्रत्येक नेपाली भाषा शिक्षण गर्ने शिक्षकले निर्मित शिक्षण सामग्री सङ्कलन र प्रयोगमा ध्यान दिन अति आवश्यक देखिन्छ ।

# अध्याय : पाँच
# उपसंहार

## ५.१ निष्कर्ष

यस शोध अध्ययनबाट निम्न लिखित निष्कर्षहरू निकालिएको छ :-

- प्राय सबै विद्यालयमा शिक्षण सामग्रीको प्रयोग हुन सकेको पाइएन यसको प्रमुख कारण विद्यालयको आर्थिक तथा भौतिक अवस्था कमजोर हुनु रहेको छ । जसका कारणले शिक्षण सामग्रीको प्रयोग गर्न असमर्थ भएको देखियो ।
- विद्यालयमा कार्यरत केही शिक्षकहरू तालिम प्राप्त नभएको हुँदा पनि शिक्षण सामग्री प्रयोगमा समस्या रहेको पाइयो ।
- कहि कतै अन्य मूल विषय लिएका शिक्षकले नेपाली भाषा शिक्षण गर्ने गरेकोले पनि सम्बन्धित विषयको ज्ञानको अभावका कारण शिक्षण सामग्री प्रयोगमा ल्याउन कठिन भएको देखियो ।
- कक्षा दसको पाठ्य पुस्तकलाई एस.एल.सी. योग्यता परीक्षा (टेष्ट) भन्दा अगाडि नै कोर्स पुरा गर्नु पर्ने बाध्यता भएकाले पनि आवश्यक शिक्षण सामग्री प्रयोग नगरी छिटो छिटो व्याख्यान विधि अपनाई शिक्षण गरेको देखियो ।
- सम्बन्धित निकायबाट नियमित रूपमा निरीक्षण, एवम् अनुगमन नहुँदा शिक्षकहरू सुझाब बिहीन भएको पाइयो । फलस्वरूप भाषा शिक्षण परम्परागत रूपमा जे जसरी पनि अगाडि बढेको देखियो ।
- शिक्षकहरूको मूल्याङ्कन प्रभावकारी रूपमा हुन सकेको पाइएन । परिश्रमी र लगनशील शिक्षकलाई प्रोत्साहन तथा जिम्मेवारी पुरा नगर्ने शिक्षकलाई आवश्यक सजाय गर्ने परिपाटी नभएकाले पनि शिक्षण सिकाइमा शिक्षण सामग्री प्रयोगमा समस्या उत्पन्न भएको पाइयो ।
- यस क्षेत्रका अधिकांश विद्यालयमा विद्यार्थी सङ्ख्या धेरै भएकाले तथा सरकारी शिक्षक दरबन्दी कम भएको तथा धेरै शिक्षक निजी स्रोतबाट राखिएकाले शिक्षकहरूलाई घन्टीको भार बढी हुँदा समय अभावका कारण शिक्षण सामग्रीको प्रयोगमा बाधा उत्पन्न भएको देखियो ।

- विद्यालयमा स्थानीय स्रोतबाट उपलब्ध हुन नसक्ने सामग्रीहरू समयमै उपलब्ध नहुनाले पनि शिक्षण सामग्री प्रयोगमा समस्या देखियो ।
- धेरै शिक्षकले सामग्री सङ्कलन निर्माण र प्रयोगबारे यथेष्ट जानकारी भएपनि शिक्षण कार्यमा आलस्यता देखाइ पुरानै विधि शिक्षण सामग्री सङ्कलन, निर्माण तथा प्रयोगमा उचित जानकारी नभएकाले पनि शिक्षण सिकाइ प्रभावकारी रूपमा सञ्चालन हुन सकेको देखियो ।
- नेपाली भाषा शिक्षण सरल शिक्षण हो, भन्ने मानसिकता शिक्षकहरू स्वयम् रहेको देखियो ।
- कतिपय शिक्षकहरूले आफ्ना गल्तीहरू देखिने डरले पनि शिक्षण सामग्री प्रयोग नगरेको देखियो ।
- प्राय : शिक्षकहरूले दैनिक रूपमा शिक्षण सामग्री प्रयोग नगर्ने हुँदा शिक्षण सामग्री प्रयोग गर्न इच्छुक शिक्षकहरू पनि विस्तारै पछाडि हट्दै गएको देखियो ।
- विद्यालयमा नेपाली विषय शिक्षण निर्देशिका नपुग्नाले समयमा नपुग्नाको शिक्षण सिकाइ प्रक्रिया अन्योलग्रस्त बन्न पुगेको छ भने यसबाट शिक्षण सामग्री प्रयोगमा समस्या उत्पन्न भएको देखियो ।
- अधिकांश नेपाली भाषा शिक्षण गर्ने शिक्षक आफूले धेरै वर्ष शिक्षण कार्य गरी सकेकाले आफूलाई अनुभवी ठान्ने भएकै कारण नवीन शैलीमा शिक्षण कार्य नगरी परम्परागत रूपमै शिक्षण सामग्रीविना नै शिक्षण कार्य गरेको देखियो ।
- प्राय विद्यालय प्रशासनले पनि विद्यालयमा शिक्षण सामग्री प्रयोगको अनिवार्य नीति नल्याउने, कसले के कसरी पढाउँछ त्यसबारे चासो नदेखाउने साथै विषयगत शिक्षकले पनि शिक्षण सामग्री प्रयोग, सङ्कलन र निर्माणमा ध्यान नदिने भएकाले पनि समस्या देखियो ।
- अहिलेको सन्दर्भमा शिक्षकहरू आफ्नो शिक्षण पेशामा मात्र नभएर समाजसेवा, राजनीति तथा अन्य व्यापारिक पाटोमा पनि लम्केकाले घरमा पनि शिक्षण सामग्री छनोट निर्माण गर्न समय नपाउने साथै विद्यालयमा पनि घन्टीको भार बढी भएकाले ४५ मिनेटको कक्षा समयमा आवश्यक शिक्षण सामग्री प्रयोगमा सम्भव कमै रहने भएकै कारणले शिक्षण सामग्री प्रयोगमा समस्या देखियो ।

## ५.२ सुझावहरू

यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्न लिखित सुझावहरू पेश गरिएको छ :-

- आर्थिक समस्याले गर्दा शिक्षण सामग्री प्रयोग गर्न कठिनाइ हुने भएकोले सामग्री उपलब्ध गराउन सरकारले थप बजेटको व्यवस्था गर्नु पर्दछ ।
- शिक्षा शास्त्र पढेका , तालिम प्राप्त शिक्षक, योग्यता पुरा भएका तथा राम्रो अङ्क ल्याएका व्यक्तिलाई मात्र शिक्षकका रूपमा नियुक्ति गर्नु पर्दछ ।
- विद्यालयमा कार्यरत शिक्षकहरूलाई पनि समय समयमा शिक्षक तालिमको व्यवस्था गरी अनिवार्य रूपमा तालिममा पठाउने व्यवस्था गर्नु पर्दछ ।
- सम्बन्धित निकायद्वारा निरन्तर रूपमा कक्षा अवलोकन गरी सामग्री प्रयोगमा आइ परेका समस्यामा छलफल गरी शिक्षकहरूलाई आवश्यक सल्लाह, सुझाव प्रदान गरिनु पर्दछ ।
- परिश्रमी र लगनशील शिक्षकहरूको उचित रूपमा मूल्याङ्कन हुनु पर्दछ । परिश्रमी शिक्षकलाई हौसला एवम् पुरस्कारको व्यवस्था गरिनु पर्दछ भने दायित्व पुरा नगर्ने शिक्षकलाई यथोचित कार्वही हुनु पर्दछ ।
- विद्यालयमा उपलब्ध हुन नसक्ने शिक्षण सामग्री सरकारबाट वितरण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।
- शिक्षण सामग्रीको प्रयोग उपयुक्त किसिमले गर्न शिक्षकहरूलाई जानकारी गराउनु पर्दछ ।
- नेपाली भाषा शिक्षणमा उपयोग हुने शिक्षण सामग्री सम्बन्धी नेपाली भाषा विषयक गोष्ठीहरूको सञ्चालन गरिनु पर्दछ ।
- समय सापेक्ष अनुरूप पाठ्यक्रम र पाठ्य पुस्तकहरूमा सुधार र परिमार्जन गर्दै जानु पर्ने देखिन्छ ।
- विद्यालयमा नेपाली विषयको शिक्षक निर्देशिका समयमा नै उपलब्ध गराई विद्यालयमा सुरक्षित राख्नु पर्दछ । र उपयोग गरिनु पर्छ ।
- विद्यालयमा स्थानीय स्रोत र साधनबाट शिक्षण सामग्री निर्माण र प्रयोग गर्नेतर्फ जोड दिनु पर्ने देखिन्छ ।

- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा आवश्यक शिक्षक दरबन्दीको व्यवस्था गरी समयमा अभावको निराकरण गर्नु पर्दछ ।
- नेपाली मूल विषय लिई योग्यता पुगेका तथा तालिम प्राप्त व्यक्तिहरूलाई मात्र शिक्षण सेवामा प्रवेश गराउनु पर्दछ ।
- नेपाली विषयलाई जो सुकैले पनि पढाउन सक्छ भन्ने सङ्कीर्ण विचार धारा हटाउनु पर्दछ । यदि अन्य विषय पढेकाले पढाइ रहेको भएमा तुरून्त पढाउन छोडी विषयगत शिक्षकको व्यवस्था गरी शिक्षण गर्न दिनु पर्छ ।
- अङ्ग्रेजी माध्यमा पढाइने हुने (निजी स्कुल) हरूमा नेपाली विषयको पूर्णाङ्कमा वृद्धि गर्नु पर्दछ ।

## ५.३ शोधको शैक्षिक प्रयोजन

**माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको अध्ययन** विषयक शोध अध्ययन कार्य निम्न लिखित शैक्षिक प्रयोजनका लागि उपयुक्त हुने देखिन्छ :-

- सम्बन्धित व्यक्ति वा सङ्घ संस्थालाई शिक्षण सामग्री सम्बन्धी थप खोज अध्ययन, अनुसन्धान गर्न यसले केही हदसम्म भए पनि सहयोग पुऱ्योउने देखिन्छ ।
- शिक्षण सामग्री खरिद गर्न थप बजेटको व्यवस्था गरी शिक्षण सिकाइमा सुधार गर्न सम्बन्धित पक्षलाई सचेत बनाउन सक्छ ।
- कक्षा दस उच्च शिक्षा प्राप्तिको आधार भएकाले शिक्षण कार्यमा आवश्यक शिक्षण सामग्री प्रयोग गर्दा सिकाइ सरल र सफल हुने भएकाले एस.एल.सी. परीक्षामा राम्रो नतिजा ल्याउन सहयोग पुऱ्याउने देखिन्छ ।
- यस अध्ययनले शिक्षकहरूलाई कुन पाठको लागि कतो सामग्री छनोट गर्ने भन्ने विषयको जानकारी प्राप्त हुन सक्ने देखिन्छ ।
- विद्यालय प्रशासन, भाषा, शिक्षकलाई शिक्षण सामग्री प्रयोग सम्बन्धी सकारात्मक धारणाको विकास हुन सक्छ ।

- कुनै पनि निरीक्षण अनुगमन कर्ताहरूलाई विद्यालयमा शिक्षण समाग्री प्रयोगको वास्तविक समस्या पहिचान गरी शिक्षकहरूलाई आवश्यक सल्लाह, सुझाब र शिक्षण सामग्री निर्माण र प्रयोग सम्बन्धी तालिम कार्यशालाको आयोजना गरी शैक्षिक स्थितिमा सुधार ल्याउन सहयोग पुग्ने देखिन्छ ।
- पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षक निर्देशिका निर्मातालाई पाठ अनुरूपका शिक्षण सामग्री छनोट गर्न, खरिद गर्न सहयोग पुग्ने देखिन्छ ।
- शिक्षण सामग्रीको महत्त्व बुझेर पनि व्यवहारमा ल्याउन नचाहने शिक्षकहरूलाई घचघच्याउने तथा महत्त्व नबुझेकालाई बुझाउने देखिन्छ ।
- शिक्षकहरूलाई स्थानीय स्रोत र साधनको उपयोग गरी शिक्षण सामग्री निर्माण र प्रयोग गर्न सकिन्छ भन्ने भावनाको विकास गराउन मद्दत पुग्छ ।

## ५.४ भावी शोध कार्य अध्ययनका लागि सम्भाव्य शीर्षकहरू

नेपाली भाषा शिक्षण एक जटिल कार्य हो । नेपाली भाषा शिक्षणको क्षेत्र व्यापक र फराकिलो छ । त्यसमा पनि नेपाली भाषा शिक्षणलाई सरल र रोचक बनाउनका निम्ति प्रयोग गरिने शिक्षण सामग्रीको आवश्यकता र महत्त्व अति नै रहेको छ । नेपाली भाषा शिक्षण गर्दा आवश्यक तथा विषयवस्तुसँग मेल खाने शिक्षण सामग्री प्रयोग गर्न अति आवश्यक देखिन्छ । जुन शिक्षकले आफ्नो शिक्षण कार्यमा शिक्षण सामग्रीको उचित प्रयोग गर्न सक्दछ उसको कक्षा शिक्षण रोचक तथा सिकाइ कार्य सफल बन्दछ ।

तसर्थ नेपाली भाषा शिक्षणमा प्रयोग गरिने विभिन्न शिक्षण सामग्रीको अति नै महत्त्व भएका कारणले विभिन्न तहका फरक फरक कक्षामा प्रयोग गरिने शिक्षण सामग्रीको बारेमा थप शोध कार्य हुन जरूरी छ । यसैले यसै विषय वस्तुमा रही थप अध्ययन विश्लेषण हुन अति आवश्यक देखिन्छ । यस शोध अध्ययन कार्यमा पनि सम्पूर्ण शिक्षण सामग्री प्रयोग सम्बन्धी अध्ययन गरी विश्लेषण गर्न सकिएको छैन धेरै पक्षको अध्ययन हुन र नवीन तत्थ्य निकाल्न बाँकी नै रहेकाले मैले गरेको शोध कार्यमा पनि सबै कुरा आउन नसकेको हुन सक्छ यहाँ भावी अनुसन्धानका पक्षहरूलाई निम्नानुसार अध्ययन हुन आवश्यक ठानी उल्लेख गर्न सकिन्छ :

क) कक्षा २ मा शिक्षण सामग्री प्रयोगको अध्ययन,

ख) कक्षा ३ मा शिक्षण सामग्री एक अध्ययन,

ग) नेपाली भाषाका विभिन्न विधामा प्रयोग हुने शिक्षण सामग्रीको अध्ययन,

घ) प्राथमिक तहमा नेपाली शिक्षणमा प्रयोग हुने शिक्षण सामग्री प्रयोग सम्बन्धी अध्ययन,

ङ) निम्न माध्यमिक तहमा नेपाली शिक्षणमा प्रयोग हुने शिक्षण सामग्री प्रयोग सम्बन्धी अध्ययन,

च) कक्षा ११ को सबैको नेपाली विषय शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको अध्ययन ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्ग राज (२०५७), **नेपाली भाषा शिक्षण** (चतुर्थ संस्करण), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६८), **प्रयोगात्मक बृहत् नेपाली शब्द कोश,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी विष्णु प्रसाद **शिक्षक दिग्दर्शन** (२०६७), काठमाडौं : पैरवी प्रकाशन ।

खनिया, बुद्धराज र अन्य (२०६६), **नेपाली भाषा शिक्षण,** काठमाडौं : जुपिटर प्रकाशन प्रा.लि. ।

गौतम, राम प्रसाद (२०६५), **अनुसन्धान विधि**, कीर्तिपुर : दीक्षान्त पुस्तक भण्डार ।

भट्टराई डि.पी. र डिल्लीराम ढुङ्गेल **माध्यमिक नेपाली व्याकरण** (२०६८), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल भोजराज, दुर्गा प्रसाद दाहाल (२०५७), **परिचयात्मक नेपाली भाषा शिक्षण**, काठमाडौं : एम.के पब्लिकेसन एन्ड डिस्टिब्युटर्स, भोटाहिटी ।

पौडेल, नेत्र प्रसाद (२०६६), **नेपाली भाषा शिक्षण**, काठमाडौं : पैरवी प्रकाशन ।

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण**, काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **नेपाली भाषा शिक्षण,** काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

रिमाल, डिल्लीराम (२०५३), **नेपाली भाषा शिक्षण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र, वासुदेव गौतम र अन्य (२०६६), **नेपाली भाषा शिक्षण**, काठमाडौं : भुँडी पुराण प्रकाशन ।

शर्मा, केदार प्रसाद र माधव प्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, केदार प्रसाद र माधव प्रसाद पौडेल (२०६७), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

## शोधपत्रहरू


भट्टराई, ज्ञान प्रसाद (२०५५), **कक्षा १ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीहरूको एक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, ताहाचल : महेन्द्र रत्न क्याम्पस ।

भुषाल, निमानन्द (२०५९), **अर्घाखाँची जिल्लाका मा.वि. तह नेपाली शिक्षणमा शैक्षिक सामग्रीको वर्तमान स्थिति,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि. कीर्तिपुर ।

राणा, मान बहादुर (२०६०), **नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि. कीर्तिपुर ।

श्रेष्ठ, लक्ष्मीमाया (२०६४), **गोरखा जिल्ला मा.वि. तह नेपाली शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति एक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

खत्री, यज्ञ बहादुर (२०६४), दोलखा जिल्लाका कक्षा ८ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

शर्मा, सीता (२०६६), **रुकुम जिल्लाका कक्षा तीनमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

# परिशिष्ट - १

## अध्ययनमा सहभागी विद्यालय र शिक्षकहरूको विवरण

| क्र.स. | विद्यालयको नाम | शिक्षकको नाम | शैक्षिक योग्यता | पढाएको पाठ |
|---|---|---|---|---|
| १ | जनसेवा उ.मा.वि. गणेशपुर | कृष्ण प्रसाद अधिकारी | B.Ed. | वैशाख (कविता) |
| २ | रा.उ.मा.वि. मोतीपुर | लोक राज पन्थी | M.A. | दोषी चस्मा |
| ३ | जन जागृति उ.मा.वि. बलिया -६ चौरी | निलम वि.सी. | M.A. | कवि परिचय (माधव प्र. घिमिरे) |
| ४ | नव जीवन मा.वि. बास्कोटी -१ बलिया | रीता रावल | B.A. | काम खोज्दै जाँदा |
| ५ | जनता उ.मा.वि. चौरीपुर | रोशन बोहरा | M.A. | वैशाख कविताको मूल सन्देश |
| ६ | कालिका उ.मा.वि. भुरूवा-८, लम्की | नवराज जैशी | M.Ed. | मिथिला चित्रकला |
| ७ | सरस्वती मा.वि. भुरूवा अमौरी | लोकेश खनाल | B.Ed. | दोषी चस्मा |
| ८ | रा.उ.मा.वि. बल्चौर | गणेश न्यौपाने | M.Ed. | कथाको परिचय (वि.पि.कोइराला) |
| ९ | सरस्वती मा.वि. बलिया-३, कौवापुर | योगेन्द्र थापा | B.Ed. | व्यापारिक चिठी |
| १० | दिपेन्द्र मा.वि. थपालीपुर | कृष्ण प्रसाद संज्याल | B.Ed. | अभ्यास (पाठ ६को) |
| ११ | रा.मा.वि. थापापुर | महेन्द्र ढकाल | B.Ed. | व्यापारिक चिठी |
| १२ | बाल कल्याण मा.वि. भुरूवा | शिव थापा | B.A. | अभ्यास |
| १३ | रा. नव जागृत उ.मा.वि. हिरापुर चुहा | माया कुँवर | B.A. | व्याकरण (करण, अकरण) |
| १४ | हिमालय मा.वि. अमरावती पथरैया | दिलिप शाही | M.A. | काम खोज्दै जाँदा |
| १५ | रा.मा.वि. एकलपुर-२, पथरैया | नरेन्द्र जैशी | B.Ed. | मिथिला चित्रकला |

# परिशिष्ट - २
## कक्षा अवलोकन फारम

| | |
|---|---|
| विद्यालयको नाम : | मिति : |
| शिक्षकको नाम : | समय : |
| विषय : नेपाली | घन्टी : |
| कक्षा : दस | छात्र- छात्रा |
| पाठ्य शीर्षक : | पाठ्यवस्तु : |

| **क्र. स.** | **विवरण** | **अति उत्तम** | **उत्तम** | **मध्यम** | **निम्न** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | पाठ्य योजनाको तयारी | | | | | |
| २ | उद्देश्य अनुकुलता | | | | | |
| ३ | पाठको प्रस्तुती | | | | | |
| ४ | निर्मित शिक्षण सामग्रीको प्रयोग | | | | | |
| ५ | सहायक पाठ्य सामग्रीको प्रयोग | | | | | |
| ६ | आधुनिक उपकरण | | | | | |
| ७ | कालोपाटीको प्रयोग | | | | | |
| ८ | पाठ्य पुस्तको प्रयोग | | | | | |
| ९ | शिक्षण सामग्री प्रयोगमा विद्यार्थीको अभिरूची | | | | | |
| १० | कक्षा कोठाको व्यवस्थापन | | | | | |
| ११ | कमजोर विद्यार्थीलाई सहयोग | | | | | |
| १२ | उद्देश्य प्राप्तिमा सहयोग | | | | | |
| १३ | निर्धारित समयको उपयोग | | | | | |
| १४ | कक्षामा प्रयोग भएका शिक्षण सामग्री | | | | | |
| १५ | कक्षा अनुशासन | | | | | |
| १६ | शिक्षण विधिको प्रयोग | | | | | |
| १७ | प्रयोग सिप | | | | | |
| १८ | मूल्याङ्कन र गृहकार्य | | | | | |

..........................

अवलोकनकर्ता

# परिशिष्ट - ३
## विद्यार्थीका लागि प्रश्नावली

नाम : विद्यालको नाम :

कक्षा : दस विषय : नेपाली मिति :

१. तपाई नेपाली भाषा शिक्षण गर्ने शिक्षक द्वारा शिक्षण सामग्री प्रयोग गरेको पाउनु भएको छ ?

क) छु ख) छैन

२. यदि प्रयोग गरेको भए ती शिक्षण सामग्री कस्ता खाले छन् ?

क) शिक्षक द्वारा निर्मित ख) कालोपाटी, चक, डष्टर

३. तपाईको शिक्षकले प्रयोग गरेका शिक्षण सामग्रीको अवस्था कस्तो छ ?

क) विषय वस्तु अनुरूप ख) आवश्यकभन्दा कम

४. नेपाली शिक्षण गर्दा शिक्षकले विषय वस्तुले मागेका शिक्षण सामग्री प्रयोग गरेको पाइन्छ कि पाइदैन ?

क) पाइन्छ ख) पाइदैन

५. पाइदै भने किन ?

क) विद्यालयले रूची नदेखाएर ख) शिक्षकले झन्झट मानेर

६. तपाईको कक्षामा नेपाली शिक्षण गर्ने शिक्षकले दैनिक रूपमा शिक्षण सामग्रीको प्रयोग गर्नु हुन्छ ?

क) दैनिक ख) कहिले काही

७. तपाईको कक्षामा नेपाली भाषा शिक्षण गर्दा प्रयोगमा आएका वा नआएका शिक्षण सामग्री सम्बन्धी केही थप जिज्ञासा छ ?

क) छ ख) छैन

८. तपाइको शिक्षकले गोजी तालिका, फलाटिन पाटी, शब्द पत्ति, लगायत अन्य शिक्षण सामग्री कक्षामा प्रयोग गरेको पाइन्छ कि पाइँदैन ?

क) धेरै पाइन्छ ख) थोरै पाइन्छ

९. तपाईको शिक्षक बाट सिकाइ कार्य सरल हुन शिक्षण सामग्री प्रयोग सम्बन्धी केही थप आशा र केही सुझाब छन् ?

क) ..........................................................................................

ख) ..........................................................................................

ग) ..........................................................................................

घ) ..........................................................................................

# परिशिष्ट - ४

## प्रश्नावली फारम

### मा.वि. तहका कक्षा दसमा नेपाली भाषा विषय शिक्षण गर्ने शिक्षकका लागि प्रश्नावली

नाम :　　　　　　　　　　　　विद्यालयको नाम :

विषय :　　　　　　　　　　　　मिति :

यो प्रश्नावली त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अर्न्तगत नेपाली विषयसँग सम्बन्धित शोधपत्र तयार गर्ने उद्देश्यले निर्माण गरिएको हो । कृपया तलका प्रश्नहरूको जवाफ दिई सहयोग गरिदिनु होला ।

१. नेपाली भाषा शिक्षण गर्दा शिक्षण सामग्रीको प्रयोग गर्नु हुन्छ ?

क) गर्छु　　　　　　　　ख) गर्दैन

२. प्रयोग गर्दै आउनु भएको छ भने तपाइको प्रयोग गरेका शिक्षण सामग्रीमा (√) चिनो लगाउनुहोस वा अन्य भए लेख्नुहोस ।

क) निर्मित शिक्षण सामग्री　　　　　　ख) वातावरणमा रहेका सामग्री

३. नेपाली भाषा शिक्षण गर्दा शिक्षण सामग्री प्रयोग गर्न आवश्यक छ, छैन् ?

क) छ　　　　　　　　ख) छैन

४. प्रयोग गर्न आवश्यक छैन भने किन छैन ?

क) आवश्यक नदेखेर

ख) शिक्षण सामग्री तयार पार्न नसकेर

५. नेपाली विषय शिक्षण गर्दा कस्ता कस्ता शिक्षण सामग्रीको प्रयोग गर्नु हुन्छ ?

क) कम मुल्य र स्थानीय स्रोतमा पाइने

ख) बहुमुल्य सामग्री

६. कविता विधा शिक्षण गर्दा सामग्री प्रयोग गर्नु हुन्छ ?

क) गर्छु　　　　　　　　ख) गर्दैन

७. प्रयोग गर्दै आउनु भएको छ भने तपाईले प्रयोग गरेका शिक्षण सामग्रीमा (✓) चिनो लगाउनुहोस् वा अन्य भए लेख्नुहोस् ।

क) वातावरणमा रहेका सामग्री ख) शिक्षक निर्मित

८. प्रयोग गर्नु भएको छैन भने किन ?

क) आवश्यक नठानेर

ख) विद्यालयको भौतिक वातावरण अनुकुल नभएर

९. नेपाली भाषा शिक्षणमा दैनिक रूपमा शिक्षण सामग्री प्रयोग गर्न सकिन्छ, सकिँदैन ?

क) सकिन्छ ख) सकिँदैन

१०. नेपाली शिक्षण गर्दा आवश्यक सामग्री कसरी सङ्कलन गर्नुभएको छ ?

क) विद्यालय प्रशासनबाट ख) आवश्यकता अनुसार आफै

११. तपाइले शिक्षण सामग्री प्रयोगमा समस्या रहेको पाउनु भएको छ ?

क) छु ख) छैन

१२. नेपाली भाषा शिक्षणमा कथा विधा शिक्षण गर्दा शिक्षण सामग्रीको प्रयोग गर्नु हुन्छ ?

क) गर्छु ख) गर्दैन

१३. प्रयोग गर्दै आउनु भएको छ भने तपाईले प्रयोग गरेका शिक्षण सामग्रीको (√) चिनो लगाउनुहोस वा अन्य भए लेख्नुहोस् ।

क) कालोपाटी ख) वातावरणमा भएका सामग्री

१४. वर्ण विन्यास, लेख्य चिन्ह तथा व्याकरणका विभिन्न पाठ्यवस्तु शिक्षण गर्दा शिक्षण सामग्रीको प्रयोग गर्नु भएको छ, छैन ?

क) छ ख) छैन

१५. प्रयोग गर्दै आउनु भएको छ भने तपाईले प्रयोग गरेका शिक्षण सामग्रीको (✓) चिनो लगाउनुहोस वा अन्य भए लेख्नुहोस् ।

क) शिक्षक निर्मित ख) वातावरणमा भएका समाग्री

१६. उच्चारण शिक्षण, जीवनी, कथा, मनोवाद तथा चिठी शिक्षण गर्दा के कस्ता र कसरी शिक्षण सामग्री प्रयोग गर्नु हुन्छ ?

क) विषय वस्तु अनुरूप ख) आधुनिक उपकरण

१७. तपाइले चाहेर पनि विषय वस्तुले मागेको शिक्षण सामग्री प्रयोग गर्न नसक्नुमा कस्को कमजोरी ठान्नु हुन्छ ?

क) विद्यालय प्रशासन ख) आर्थिक अवस्था

१८. तपाइँको विद्यालयमा शिक्षण सामग्री प्रयोग गर्ने पूर्ण वातावरण छ ?

क) छ ख) छैन

१९. तपाइको विद्यालयमा नेपाली शिक्षणमा विभिन्न विधा अनुरूप आवश्यक पर्ने शिक्षण सामग्री सङ्कलन गरिराख्नु भएको छ, छैन ?

क) राखेको छु ख) राखेको छैन

२०. वर्तमान माध्यमिक तह (कक्षा दसमा) नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको बारेमा छोटोमा केही सुझाव दिन चाहनुहुन्छ ।

क) ..........................................................................................

ख) ..........................................................................................

ग) ..........................................................................................

घ) ..........................................................................................

## परिशिष्ट - ५

## विद्यार्थी प्रश्नावलीमा (सहभागी) छनोट गरिएका विद्यार्थीहरूको नामावली

| क्र. स. | विद्यालयको नाम | विद्यार्थीहरूको नाम | | |
|---|---|---|---|---|
| १ | जनसेवा उ.मा.वि. | कमल क्षेत्री | जगत थापा | विमला चौधरी |
| २ | सरस्वती मा.वि. कौवापुर | आशा थामीमगर | सागर शाही | अशोक मयाँल |
| ३ | रा.उ.मा.वि.मोतीपुर | विनोद न्यौपाने | पुष्पा राना | सुष्मा चौधरी |
| ४ | जन जागृति उ.मा.वि. चौंरी | रण ब. बटाला | सुनिता शाही | रा ब. सुनार |
| ५ | नव जीवन मा.वि. बलिया | सीताराम चौधरी | नविन धमला | सुनिल विष्ट |
| ६ | जनता उ.मा.वि.चौरीपुर | प्रेम केसी | सीता खड्का | अनिता चौधरी |
| ७ | कालिका उ.मा.वि.भुरूवा | खकेन्द्र वली | डम्मरा वि.क. | श्याम ढकाल |
| ८ | सरस्वती मा.वि.अमौरी | माया शाही | चन्द्रकला देवल | विन्दु जैशी |
| ९ | रा.उ.मा.वि.बल्चौर | आशाराम वली | नृप रिमाल | आइतु चौधरी |
| १० | दिपेन्द्र मा.वि.थपालीपुर | रमा चलाउने | गोमा न्यौपाने | चन्द्रा शाही |
| ११ | रा.मा.वि.थापापुर | पुष्पा रावल | अशोक चौधरी | निर्मला विश्वकर्मा |
| १२ | बाल कल्याण मा.वि.भुरूवा | पवित्रा तिमिल्सैना | केशव उपाध्याय | रमेश बम |
| १३ | रा. नव जागृत उ.मा.वि.चुहा | सन्तलाल चौधरी | नवराज भण्डारी | पुनम सिंह |
| १४ | हिमालय मा.वि.अमरावती | शर्मिला भाट | कल्पना शाह | तपेन्द्र रावल |
| १५ | रा.मा.वि.स्कुलपुर-२, पथरैया | कृष्ण प्र. चपाई | राम औतार चौधरी | रीता खत्री |